# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २३१ | काठमाडौं | मंगलबार, ०२ पुस २०८१ | Prabhab National Daily | Tuesday, December 17, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**चिसोबाट बचौं**

- जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं, घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका तथा बृद्धबृद्धालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ्वाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं,

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## 'सरकार ढल्ने' दाबी

# रक्षात्मक बन्दै ओली



- भारतीय जासुसी संस्था 'रअ'का पूर्वएजेन्ट लक्की भनिने लक्ष्मणसिंह विष्टले गत बिहीबार भारतको सञ्चारमाध्यम नवभारत टाइम्सलाई अन्तर्वार्ता दिँदै केही दिनमै नेपालको सरकार ढल्ने दाबी गरेका थिए
- अहिलेको सरकार संसद्का ठूला दुई दलको बलियो सरकार भएकोले दुई दलले नचाहँदासम्म कसैले चाहेर सरकार नढल्ने नेकपा एमालेका महासचिव शंकर पोखरेलको भनाइ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपालमा नयाँ सरकार बन्नसाथ छिट्टै ढल्ने अड्कलबाजी हुन्छ। मुख्य कारण हो, राजनीतिक दाउपेच। यसपटक पनि नेपाली कांग्रेस र नेकपा एमाले मिलेर गत असार मसान्तमा बनेको केपी शर्मा ओली नेतृत्वको सरकार छिट्टै ढल्ने अड्कलबाजी भयो।

सरकार चाँडै ढल्ने ठोकुवा गर्ने नेता हुन् प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल। दैनिकजसो भाषणमा दाहालले यो सरकार चाँडै ढल्ने बताउँथे। पछिल्लोपटक प्रधानमन्त्री ओली चीन भ्रमणमा गएयता भने दाहाल मौन छन्। बरु भारतीय जासुसी संस्था 'रअ'का पूर्वएजेन्ट लक्की भनिने लक्ष्मणसिंह विष्टले गत बिहीबार भारतको सञ्चारमाध्यम नवभारत टाइम्सलाई अन्तर्वार्ता दिँदै केही दिनमै नेपालको

> ओलीको काम गर्ने क्षमता खिइँदै गएको छ। त्यसैले पनि उनको आलोचना बढ्न थालेको हो।
>
> ■ **कृष्ण पोखरेल**
> **प्राध्यापक एवं राजनीतिक विश्लेषक**

> अहिलेको सरकार संसद्का ठूला दुई दलको बलियो सरकार हो, यो दुई दलले नचाहँदासम्म कसैले चाहेर ढल्दैन।
>
> ■ **शंकर पोखरेल**
> **महासचिव, नेकपा एमाले**

सरकार ढल्ने दाबी गरे। '१०–१५ दिन अथवा एक महिनाभित्रमा नेपालको सरकार ढल्न सक्छ,' विष्टले भनेका छन्।

विष्टको यो अन्तर्वार्तालाई नेपाली सञ्चारमाध्यमले प्राथमिकताका साथ कभर गरेको देखिन्छ। विष्टले यतिमात्र हैन, नेपालमा धेरै नै गुप्तचर संस्थाका एजेन्टहरू भएकोले काम गर्न निकै मुस्किल हुनेसमेत बताए। उनले नेपालमा पनि काम गरेको र थुप्रै मिसन सफल गरेको दाबी गरेका छन्। यतिमात्र हैन विष्टले सूचना सबैभन्दा शक्तिशाली चिज भएकोले आफूले यो सबैलाई बाँडेको तर्क गरेका छन्।

### चिया पसलदेखि सामाजिक सञ्जालसम्म चर्चा

विष्टको भनाइ अहिले सामाजिक सञ्जालमासमेत चर्चामा छ। सार्प सुटरका रूपमा चिनिएका विष्टका अन्तर्वार्ताहरू युटचुबलगायतका सामाजिक सञ्जालमा अत्यधिक हेरिएको पाइन्छ। नेपाल सरकारको भविष्यवाणी गरिएको क्लिप्स अहिले भाइरल बनेको छ।

क्रमशः पृष्ठ २ मा

**सहकारीको बचत अपचलन प्रकरण**

# रविसहित ५१ जना प्रतिवादी, डेढ अर्ब बिगोको राय

> ६५ जना प्रतिवादीमध्ये १४ जना प्रतिवादीको नाम खुलेको छ तर ठेगाना खुलेको छैन। ५१ जनाविरूद्ध ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणअन्तर्गत कारबाहीको माग गरिएको छ।
>
> ■ **वसन्तकुमार शर्मा**
> **प्रवक्ता, कास्की प्रहरी**

■ **जेबी योञ्जन**

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेसहित ५१ जनालाई सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा मुद्दा चलाउन सरकारी वकिल कार्यालयलाई कास्की प्रहरीले राय दिएको छ। उनीहरूबाट सहकारी ठगीमा एक अर्ब ५१ करोड ४० लाख ९४ हजार रूपैयाँ बिगो दाबी गर्न पनि प्रहरीको राय छ।

पोखराको सूर्यदर्शन सहकारी ठगीमा उनीहरूको संलग्नता अनुसन्धानको क्रममा देखिएको प्रहरीको दाबी छ। तर, सहकारी ठगीमा भने ६५ जनाको संलग्नता देखिएको थियो। त्यसमध्ये १४ जनाको नाम खुलेको तर ठाउँ नखुलेको हुनाले मुद्दा चलाउन राय नदिएको कास्की प्रहरी प्रवक्ता वसन्तकुमार शर्माले जानकारी दिए। उनका अनुसार ठेगाना खुलेको बखत अनुसन्धान गरेर प्रहरीले पूरक प्रतिवेदन पेस गर्ने छ।

उनले प्रभावसँग भने, 'हामीले सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा अनुसन्धान गरेका थियौं। अनुसन्धान गर्ने क्रममा फेला परेका सबुत प्रमाणहरू विश्लेषण गरेका छौं र अनुसन्धान प्रतिवेदनमा सामेल गरेका छौं। ६५ जना प्रतिवादीमध्ये १४ जना प्रतिवादीको नाम खुलेको छ तर ठेगाना खुलेको छैन। ५१ जनाविरुद्ध ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणअन्तर्गत कारबाहीको माग गरिएको छ।'

मुद्दा चलाउन राय दिएकामध्ये ३७ जना फरार छन्। १४ जनामात्रै पक्राउ परेका छन्। कास्की प्रहरीले ८६ दिनसम्म अनुसन्धान गरेर वकिल कार्यालयमा प्रतिवेदन बुझाएको हो। प्रतिवेदनको आधारमा वकिल कार्यालयले चार दिनभित्र जिल्ला अदालत कास्कीमा प्रतिवादीहरूविरुद्ध आरोपपत्र दायर नुपर्ने छ। प्रतिवादीमध्येमै पूर्वडिआइजीसमेत रहेका छविलाल जोशी छन्।

जोशीलाई ६ असोजमा प्रहरीले काठमाडौंको शंखमुल क्षेत्रबाट पक्राउ गरेको थियो। लामिछानेलाई भने



**प्रहरी हिरासतमा रविको दुई महिना**

| | | |
|---|---|---|
| ४ | असोज | – बचत अपचलनमा संसदीय समितिबाट जिम्मेवार ठहर |
| २ | कात्तिक | – कास्कीमा पक्राउ पुर्जी जारी |
| २ | कात्तिक | – काठमाडौंमा पक्राउ |
| ३ | कात्तिक | – कास्कीको पोखरामा लगियो |
| ४ | कात्तिक | – पहिलोपटक छ दिन म्याद थप |
| ८ | कात्तिक | – दोस्रोपटक सात दिन म्याद थप |
| २० | कात्तिक | – तेस्रोपटक १० दिन म्याद थप |
| २५ | कात्तिक | – चौथो पटक १३ दिन म्याद थप |
| २५ | कात्तिक | – पोखराबाट भैरहवा लगेर बयान |
| ९ | मंसिर | – पाँचौ पटक १५ दिन म्याद थप |
| १३ | मंसिर | – पोखराबाट काठमाडौं ल्याएर बयान |
| १८ | मंसिर | – काठमाडौंबाट चितवन लगेर बयान |
| २३ | मंसिर | – छैंटौं पटक चार दिन म्याद थप |
| २४ | मंसिर | – पोखराबाट पर्सा लगियो |
| २५ | मंसिर | – पर्सामा बयान |
| २६ | मंसिर | – पर्सा-काठमाडौं हुँदै पोखरा लगियो |
| २७ | मंसिर | – सातौंपटक पाँच दिन म्याद थप |
| १ | पुस | – अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेस |

२ कात्तिकमा पार्टी केन्द्रीय कार्यालय बनस्थलीबाट पक्राउ गरिएको थियो। उनीहरू ४ असोजमा सहकारीको बचत अपचलनबारे छानबिन गर्न गठित संसदीय छानबिन विशेष समितिले बुझाएको प्रतिवेदनमा सहकारी बचत अपचलनमा जिम्मेवार रहेको किटान गरिएको थियो। उक्त प्रतिवेदन कार्यान्वयन गरेको सरकारले छविपछि रविलाई पक्राउ गराएको हो। प्रतिवादीमा नेचर हर्ब्सका सञ्चालक रामबहादुर खनाल, गोर्खा मिडिया ग्रुपका अध्यक्ष गितेन्द्रबाबु (जिबी) राईलगायत छन्। रवि, छवि र जिबी पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम, काठमाडौंको स्वर्णलक्ष्मी, चितवनको साहारा, वीरगञ्जको सानो पाइला र नेपालगञ्जको समानता सहकारीको रकम गोर्खा मिडियामा लगेर अपचलन गर्ने काममा जिम्मेवार रहेको समिति प्रतिवेदनले औंल्याएको थियो। त्यसपछि उनीहरूमाथि अनुसन्धान अघि बढाइएको थियो।

त्यही क्रममा पहिले छवि र त्यसपछि क्रमशः छवि र रवि पक्राउ परे। अन्ततः कास्की प्रहरीले बुझाएको प्रतिवेदनका आधारमा वकिल कार्यालयले आगामी शुक्रबारसम्ममा अदालतमा मुद्दा दायर गरिसक्नुपर्ने भएको छ। किनभने कुनै पनि आरोपीलाई ९० दिनभन्दा बढी अवधि हिरासतमा राख्न मिल्दैन। आगामी शनिबार जोशीलाई पक्राउ गरेको ९० दिन हुँदै छ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# दमाममा दुईदिने शिविर सञ्चालन गर्दै नेपाली दूतावास

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** साउदीस्थित नेपाली दूतावासले साउदीको दमाम सहरमा कार्यरत नेपाली श्रमिकलाई लक्षित गरी घुम्ती शिविर सञ्चालन गर्ने भएको छ। दमामस्थित अल असेम रेस्टहाउस फर फेस्टिवलमा यही डिसेम्बर २७ र २८ तारिखका दिन शिविर सञ्चालन गर्न लागिएको दूतावासले सूचनामार्फत जानकारी दिएको हो।

दूतावासले जारी गरेको सूचना अनुसार डिसेम्बर २७ का दिन बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म र २८ तारिखका दिन बिहान ७ बजेदेखि अपराह्न ३ बजेसम्म शिविर सञ्चालन हुने छ। उक्त शिविरमा राहदानी नवीकरण, बहिर्गमन भिसाको फाराम भर्ने तथा श्रमिक सचेतना कार्यक्रम सञ्चालन हुने दूतावासको भनाइ छ।

रियादस्थित दूताबासबाट टाढा रहेका सेवाग्राहीहरूलाई उनीहरूको पायक पर्ने स्थानबाटै उपरोक्त सेवा प्रदान गर्न घुम्ती शिविर सञ्चालन गर्ने कार्यक्रम तय गरिएको दूतावासले जनाएको छ। उक्त शिविरमा सहभागी हुन अनलाइन



फाराम भर्नुपर्ने व्यवस्था गरिएको छ। शिविरमा आउँदा अनलाइन भरेको (प्रि-इनरोलमेन्ट) बारकोटयुक्त फाराम अनिवार्य ल्याउनुपर्ने जानकारी दिइएको छ।

अनलाइन फाराम नभरेकालाई शिविरस्थलमा प्रवेश नदिइने पनि दूतावासले प्रस्ट पारिएको छ। उक्त फारामको साथमा हालको सक्कल राहदानी र राहदानीको फोटो भएको पेजको फोटोकपी, नागरिकताको फोटोकपीसमेत ल्याउन भनिएको छ। दूतावासले फाराम भर्नका लागि सहयोग गरिदिन त्यहाँस्थित नेपाली संघसंस्था र समाजसेवीहरूसमक्ष अनुरोधसमेत गरेको छ। साउदीस्थित नेपाली दूतावासले विभिन्न स्थानमा शिविर सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिँदै यसपटक दमाममा कार्यक्रम राखिएको जानकारी दिएको छ।

### थप ४३ जनाले पाए 'एक्जिट भिसा'

यसैबीच साउदीमा गैरकानुनीरूपमा रहेका थप ४३ जना नेपालीले बहिर्गमन भिसा (एक्जिट भिसा) पाएका छन्। कानुनी हैसियत गुमाएका विदेशी कामदारलाई आफ्नो मुलुक फर्कन साउदी सरकारले दिएको सुविधाअन्तर्गत नेपाली दूतावासमार्फत एक्जिट भिसा दिइएको हो।

नेपाली दूतावासबाट बहिर्गमन भिसाको प्रक्रिया गरिएकामध्ये पछिल्लोपटक थप ४३ जनाले नेपाल फर्कने अवसर पाएका हुन्। यसअघि पनि धेरैले यो भिसाको सदुपयोग गरी नेपाल फर्किसकेका छन्। दूतावासले बहिर्गमन भिसा प्राप्त भएकाहरूलाई यथाशीघ्र नेपाल फर्कन आग्रह गरेको छ। 'विशेषगरी हुरूप लागेर एक्जिटको प्रक्रिया गरेका महानुभावहरू १५ दिनभित्रमा साउदी अरबबाट नेपाल फर्किसक्नुहोला अन्यथा १० हजार साउदी रियालसम्म जरिवाना हुने छ,' साउदीस्थित नेपाली दूतावासले जारी गरेको सूचनामा भनिएको छ।

क्रमशः पृष्ठ २ मा

# रहेनन् कामपाका पहिलो मेयर सिंह

## सोमबार बिहान निधन भएका सिंहको कंकेश्वरी घाटमा अन्त्येष्टि



**पूर्वमेयर सिंहको पार्थिव शरीरमा श्रद्धाञ्जलि अर्पण गर्दै कांग्रेस सभापति शेरबहादुर देउवालगायत।** *तस्बिरः रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** काठमाडौं महानगरपालिका (कामपा)का पूर्वमेयर प्रेमलाल (पिएल) सिंहको निधन भएको छ। उनको सोमबार ८७ वर्षको उमेरमा उपचारका क्रममा निधन भएको हो।

पूर्वमेयर सिंहको सोमबार नै अन्त्येष्टि गरिएको छ। महानगरपालिका-१५ स्थित लखतीर्थमा स्वर्गीय सिंहको अन्त्येष्टि गरिएको महानगरपालिकाका प्रवक्ता एवं १७ नम्बर वडाका अध्यक्ष नवीन मानन्धरले जानकारी दिए। स्व सिंहको पार्थिव शरीरमा उनका भाइ इन्द्रलाल सिंहले दागबत्ती दिएका थिए।

अन्त्येष्टिमा उपप्रधान एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, बागमती प्रदेशका सामाजिक विकासमन्त्री हरिप्रभा खड्गी श्रेष्ठ, महानगरपालिकाका उपप्रमुख सुनिता डंगोललगायत वडाध्यक्ष, कार्यपालिका सदस्य एवं महानगरसभा सदस्यहरूको उपस्थिति रहेको थियो। सिंहको पार्थिव शरीरमा उपप्रधानमन्त्री सिंहले पार्टीको झन्डा ओढाएका थिए।

त्यसअघि उनको पार्थिव शरीर श्रद्धाञ्जलिका लागि सोमबार बिहान ११ सम्म चक्सिबारीस्थित निवासमा राखिएको थियो। त्यहाँ काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह र उपप्रमुख डंगोललगायतले सिंहको पार्थिव शरीरमा श्रद्धाञ्जलि अर्पण गरेका थिए। कामपाले पूर्वमेयर सिंहको निधनमा सोमबार शोक बिदा दिएको थियो। कामपाका सहायक प्रवक्ता ध्रुवकुमार काफ्लेले पूर्वमेयर सिंहको निधनमा कामपाको केन्द्रीय कार्यालय र मातहतका सबै वडा कार्यालयको अत्यावश्यकबाहेकका सेवा बन्द गरी शोक बिदा दिने निर्णय गरेको जानकारी दिए।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## रविसहित ५१ ...

त्यही भएर शुक्रबारसम्म आरोपपत्र अदालतमा दायर गर्ने कार्यालयको तयारी रहेको वकिल कार्यालयकी प्रवक्ता कमला काफ्लेले बताइन् । लामिछानेविरुद्ध कास्की जिल्ला अदालतले २ कात्तिकमा पक्राउ पुर्जी जारी गरेको थियो । लगत्तै पक्राउ गरेर उनलाई पोखरा चलान गरिएको थियो । ४ असोजको दिन बचत अपचलनमा जिम्मेवार ठहरिएको थियो । त्यस आधारमा पक्राउ परेका उनीविरुद्ध ४ कात्तिक पहिलोपटक छ दिन म्याद थप गरिएको थियो । ८ कात्तिकमा दोस्रोपटक सात दिन, २० कात्तिकमा तेस्रोपटक १० दिन, २५ कात्तिक मा चौथोपटक १३ दिन र २५ कात्तिकमा पोखराबाट भैरहवा लगेर बयान लिइएको थियो ।

यसपछि ९ मंसिरमा पाँचौंपटक १५ दिन म्याद थप, १३ मंसिरमा पोखराबाट काठमाडौं ल्याएर बयान, १८ मंसिरमा काठमाडौंबाट चितवन लगेर बयान, २३ मंसिरमा छैटौंपटक चार दिन, २४ मंसिर पोखराबाट पर्सा लगियो । सोही दिन उनको बयान भयो । २६ मंसिरमा पर्सा-काठमाडौं हुँदै पोखरा लगिएको र २७ मंसिरमा सातौंपटक पाँच दिन म्याद गरिएको थियो ।

अन्ततः १ पुसमा अनुसन्धान प्रतिवेदन प्रहरीले वकिल कार्यालयमा बुझाएको शर्माको भनाइ छ । लामिछानेले भने हालसम्म इन्कारी बयान दिएका छन् । सहकारीको बचत अपचलनमा आफ्नो संलग्नता नरहेको दाबी गरेका छन् । तर, यहीबीचमा प्रहरीले सहकारीको ऋण तिर्न काटेको चेक फेला पारेको छ । त्यसलाई प्रहरीले लामिछाने सहकारी ठगीमा संलग्न भएको पुष्टि हुने प्रमाण ठानेको छ । यद्यपि, रविको इन्कारी जारी छ ।

रविसँगै जिबी र छविले गोर्खा मिडिया नेटवर्कमार्फत ग्यालेक्सी फोरके टेलिभिजन स्थापना गरेर देशका विभिन्न सहकारीबाट गैरकानुनी रूपमा गोर्खा मिडियामा पैसा लगेर अपचलन गरेको आरोपमा अनुसन्धान भइरहेको छ ।

■■■

## सरकार ढल्ने...

योसँगै सरकार ढल्ने विषयले चिया पसलदेखि सामाजिक सञ्जालसम्म प्रवेश पाएको छ । हिजोआज बसदेखि बस बिसौनीसम्मै पनि यो विषयमा सर्वसाधारण गफिन थालेका छन् । योसँगै सरकारसमेत त्रासमा परेको छ ।

यसै विषयको बचाउमा प्रधानमन्त्री ओली सरकार बनेदेखि लागेका छन् । 'सरकार अहिले ढल्छ, भरे ढल्छ, भोलि बिहानै ढल्छ भन्नेजस्ता अफवाह पनि फैलाउने गरिएको छ । यो काम गर्न नदिने उद्देश्यले चलाइएको हल्ला हो । कांग्रेस र एमालेजस्ता इतिहास र हैसियत भएका दलहरू मिलेर बनेको सरकार ढल्ने दिवासपना कसैले नदेखे हुन्छ,' ओलीको हरेक सभाको भाषण यही हुने गर्छ । यतिमात्र हैन एमालेले यसविरुद्ध मंसिर ७ गते दरबारमार्गमा शक्ति प्रदर्शनसमेत गर्‍यो ।

अहिले प्रधानमन्त्री ओलीको हरेक दिनको काम नै 'सरकार ढल्दैन' भन्दै जवाफ दिने भएको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का महासचिव नेत्रविक्रम चन्दले आरोप लगाएका छन् । 'केपीजीको पनि कामै जम्माजम्मी यो सरकार ढल्दैन भन्ने,' चन्दले मंसिर ८ गते भनेका थिए, 'जनतालाई के लागेको छ भने यो सरकार राति ढल्नसक्छ, यो रातको १२ बजे ढल्न सक्छ, यो बिहानै उछिट्टिन सक्छ ।'

चन्दको भनाइलाई एमाले महासचिव शंकर पोखरेलले कटाक्ष गरेका छन् । उनले देशका ठूला राजनीतिक दल मिलेर बनेको सरकार कसैले चाहेर पनि नढल्ने दाबी गरे । सोमबार नेपाल निजामती कर्मचारी संठनले आयोजना गरेको प्रथम विधान अधिवेशन तथा १८औं केन्द्रीय परिषद् बैठकमा महासचिव पोखरेलले वर्तमान सरकार बलियो भएको र कसैले चाहेर पनि नढल्ने ठोकुवा गरेका हुन् । 'अहिलेको सरकार संसद्का ठूला दुई दलको बलियो सरकार हो, यो दुई दलले नचाहँदासम्म कसैले चाहेर ढल्दैन,' पोखरेलले भने, 'यथार्थ यही हो, नडराइ ढुक्कले काम गर्न गर्नूस् ।'

### आलोचना बढ्दो

तेस्रोपटक प्रधानमन्त्री भएयता एमाले अध्यक्ष ओलीको आलोचना बढ्दो छ । मन्त्री र कर्मचारीलाई निर्देशन दिनेबाहेक प्रधानमन्त्री ओलीले कुनै काम नगरेकोले आलोचना बढेको राजनीतिक विश्लेषक प्राध्यापक कृष्ण पोखरेल बताउँछन् । 'ओलीको काम गर्ने क्षमता खिइँदै गएको छ । त्यसैले पनि उनको आलोचना बढ्न थालेको हो,' पोखरेलले भने ।

त्यसो त कुनै बेला 'साइबर सेना' नै बनाएर ओलीको बचाउमा लागेकाहरू अहिले मौन बसेसँगै उनको आलोचना बढेको बताउनेहरू पनि छन् । साइबर सेनाको मुख्य नेता मानिने महेश बस्नेत अहिले विभिन्न आरोपका कारण छायामा छन् । पछिल्लो समय ओली राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र दुर्गा प्रसाईंका समर्थकको तारो बनेका छन् ।

■■■

## दमाममा दुईदिने ...

एक्जिट भिसाका लागि नेपाली दूतावास रियादबाट फाराम भरेका व्यक्तिहरूले अब आफ्नो एक्जिट भिसाको अवस्थाको बारेमा अनलाइनमार्फत आफ्नो इकामा नम्बर/राहदानी नम्बर प्रविष्ठ गरी जानकारी लिन सक्नेसमेत दूतावासले जनाएको छ ।

'यदि तपाईंको मोबाइलमा एक्जिट भिसा लागेको म्यासेज आएको छैन भने दमाममा क्षेत्रमा कार्यरत जनसम्पर्क अधिकारीसँग सम्पर्क गरेर आफ्नो एक्जिट भिसाको पेपर लिएर जानुहुन अनुरोध गरिन्छ,' सूचनामा भनिएको छ, 'एक्जिट भिसा लागेको म्यासेज मोबाइलमा आएसकेको छ भने एयरपोर्टमा त्यही म्यासेज देखाउँदा हुन्छ, एक्जिट पेपर लिनका लागि दूतावासमा आइरहनु पर्दैन ।' एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने र यसबापत एक हलाला पनि कहीं कतै बुझाउनु नपर्ने दूतावासले प्रस्ट पारेको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने जनाइएको छ ।

■■■

## रहेनन् कामपाका...

चाक्सिबारीपछि कांग्रेस केन्द्रीय कार्यालयमा दुई घन्टासम्म राखिएको थियो । त्यहाँ नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवासहित कांग्रेसका शीर्ष नेताहरूका साथै उनका शुभेच्छुक र पार्टी कार्यकर्ताहरूले पूर्वमेयर सिंहको पार्थिव शरीरमा श्रद्धाञ्जलि अर्पण गरेका थिए ।

नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्रीसमेत रहेका पूर्वमेयर सिंहको पेटमा अल्सर भएपछि गत वर्ष पेटको शल्यक्रिया गरिएको थियो । वि.सं १९९६ चैत ११ गते जन्मिएका सिंह २०४९ सालमा भएको स्थानीय तह निर्वाचनमा काठमाडौं नगरपालिका प्रमुखमा निर्वाचित भएका थिए । उनकै कार्यकाल २०५२ साल मंसिर २९ गते नगरपालिकालाई महानगरपालिका घोषणा गरिएको हो । उनी अविवाहित थिए ।

### सम्झनामा पूर्वमेयर सिंह

पूर्वमेयर सिंहलाई प्रजातन्त्रप्रति पूर्णप्रतिबद्ध र इमान्दार नेताका रूपमा स्मरण गरिएको छ । नेपाली कांग्रेसका सर्वमान्य नेता गणेशमान सिंहको सामीप्यमा रही नेपालको प्रजातान्त्रिक आन्दोलनका लागि योगदान दिएका सिंहले सत्य, निष्ठा र इमान्दारको प्रतीकका रूपमा आफ्नो छवि बनाएका उनका सहकर्मीले प्रतिक्रिया दिएका छन् ।

समाजसेवी हितकरवीरसिंह कंसाकारले हरेक नागरिकदेखि माथिल्लो ओहदामा रहने सबैलाई समान व्यवहार गर्ने सिंह प्रजातन्त्रप्रति अडिग र ज्यादै इमान्दार नेता रहेको स्मरण गरे । मुलुकमा बहुदलीय प्रजातन्त्रको पुनः बहालीपछि भएको स्थानीय तहको निर्वाचनमा विजयी भई उनले वि.सं. २०४९ मा तत्कालीन काठमाडौं नगरपालिका प्रमुखको जिम्मेवारी सम्हालेका थिए । कंसाकारले भने, 'पिएलजी गणेशमानसिंह र मंगलादेवीको सामीप्यमा रही राजनीतिक सहयोगीका रूपमा लामो समय काम गर्नुभयो, प्रजातन्त्रवादी योद्धा पिएलले काठमाडौं नगरपालिकालाई विश्वमा चिनाउन धेरै महत्त्वपूर्ण कामसमेत गर्नुभएको छ ।'

प्रतिनिधिसभा निर्वाचनमा काठमाडौंबाट विजयी भएपछि वातावरणमन्त्री बनेका सिंहले त्यसअघि नै काठमाडौंलाई स्वच्छ, सफा र हराभराको नारा दिएर काम गरेका थिए । उनका पिता स्वास्थ्यकर्मी चन्द्रमान सिंहसमेत तत्कालीन जहानियाँ राणाशासनका विरुद्ध र प्रजातन्त्रका पक्षमा लामो समयसम्म संलग्न भई काम गरेका थिए ।

पूर्वमन्त्री भीमसेनदास प्रधानले प्रजातन्त्रप्रति प्रतिबद्ध सिंहले वि.सं. २०४२ को सत्याग्रह र वि.सं. २०४६ को जनआन्दोलनका बेला कुशलतापूर्वक पार्टी प्रवक्ताको जिम्मेवारी सम्हालेको स्मरण गरे । उनले भने, 'गणेशमानजीको राजनीतिक सहयोगीका रूपमा पिएलले काम गर्नुभयो । उहाँ समाजमा सबै व्यक्तिलाई समान व्यवहार गर्नुपर्छ भन्नुहुन्थ्यो । स्वच्छ, सफा र हराभरा काठमाडौं अभियान उहाँले सुरु गर्नुभयो । उहाँ प्रजातन्त्रप्रति निष्ठावान् र अडिग व्यक्ति हुनुहुन्थ्यो ।'


### दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०२

आदरणिय शेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ हर्वल बैंक लि.** को मिति २०८१ मंसिर ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति :** २०८१ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२४)

**समय :** दिनको २:०० बजे

**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाण्डौ ।

**सम्पर्क :** ९८०२३५०१००

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।

३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**

१. कम्पनीको जारी पूँजी रु. २ करोड ५० लाख र चुक्ता पूँजी रु. २ करोड पुऱ्याउने विशेष प्रस्ताव पारित गर्ने ।

२. कम्पनीको प्रबन्धपत्र र नियमावलिमा आवश्यक संसोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

**आज्ञाले,**
सुगरिका के.सी.
अध्यक्ष

मुक्तिनाथ हर्वल बैंक लि.
MUKTINATH HERBAL BANK LTD.
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
इमेलः info@muktinathkrishi.com
वेबसाइटः www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"



### युएईमा रोजगार

कम्पनी : LA BEAUTE LAFDIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०९/०१ | LT. No. 315443 | चलानी नं. ६०२२९७३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 7 | 150 | ३४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 2 | 150 | ३६,८१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष ९ गते (24th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROKADIYA Overseas Pvt. Ltd. (Nepal Gov.Lic No . 757/064/065)
License No. 757/064/065
ROKADIYA OVERSEAS PVT. LTD.(YOUTH MANPOWER PVT.LTD.)
Sinamangal-9, Kathmandu, Nepal, Tel: 01-4566055, 4466966
E-mail : youthmanpower757@gmail.com, info@youthmanpower.com
Mobile: 9851090996 /9809393801/9809393802



### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/१०/१५ मा दर्ता कायम भएको **सुष्मा ह्याण्डिक्राफ्ट प्रा.लि.** (प्रा.लि.नं. १८२५८३/२०७४/०७५) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८१/०९/०१ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**



### युएइमा रोजगार

कम्पनी : EMFAM HOSPITALITY L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/०१ | LT. No. 315369 | चलानी नं. ६०२२९७१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer/Cleaner | 146 | 0 | 1000 | ३६,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष ९ गते (24th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

M.B. HUMAN RESOURCE PVT.LTD. Govt. License No. 1504/074/75
Basundhara, Kathmandu, Nepal, Contact: +977-1-4016801, Mobile: 9814067324, 9849362405, 9851168891, 9841374012, Email: mbhuman1504@gmail.com, Web: www.mbmanpower.com



नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रार कार्यालयको

### हक दावी गर्न आउने बारेको सूचना

*(प्रकाशित मिति २०८१/०९/०१ गते)*

यस कार्यालयमा मिति २०६४/०५/१६ मा दर्ता भएको प्रा.लि.नं.४७८५४ को **लाली गुराँस इलेक्ट्रोनिक्स सर्भिस प्रा.लि.**नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो **सूचना** प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



### एनसेल आजियाटा लिमिटेडको पाँचौ वार्षिक साधारण सभाको सूचना

(दोस्रो पटक प्रकाशित)

यस एनसेल आजियाटा लिमिटेडको सञ्चालक समितिको मिति २०८१/०८/२६ मा बसेको बैठकको निर्णय बमोजिम कम्पनीको पाँचौ वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा यस कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं सभामा यहाँ स्वयं वा यहाँको आधिकारिक प्रतिनिधिको समुपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभा बस्ने मिति, समय र स्थान :

मितिः- पुस २४, २०८१ (तदनुसार जनवरी ०८, २०२५) बुधबार।

समयः- बिहानको १०:०० बजे ।

स्थानः- एनसेल आईकन, लैनचौर-२६, काठमाडौं (कर्पोरेट कार्यालय)।

साधारण सभामा प्रस्तुत हुने छलफलका विषयहरुः

(क) साधारण प्रस्तावः

१. आ.व.२०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/०८१ को वासलात, नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह लगायत वित्तीय विवरण पारित गर्ने सम्बन्धमा ।

३. कम्पनीको आ.व. २०८१/८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. सञ्चालक समितिको सिफारिस बमोजिम आ.व. २०८०/८१ को लाभांश वितरण गर्ने स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

(ख) विविध

अध्यक्षको अनुमतिमा अन्य कुनै प्रस्ताव(हरु)।

सञ्चालक समितिको आज्ञाले
निशिका शर्मा
कम्पनी सचिव

प्रथम पटक प्रकाशित मिति : ३०/०८/२०८१



### वैदेशिक रोजगार विभागको सार्वजनिक सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री Best H.R. Solutions Pvt.Ltd. (ई.प.नं. 119/073/074) सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू तपसिल बमोजिमका व्यक्तिको नाममा शेयर दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतीस**) दिनभित्र सबुद प्रमाण सहित **बैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम/ शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/ शेयर संख्या |
|---|---|
| १. श्री संजिव पाण्डे (००१-९००००) | १. श्री श्रीराम मरासिनी (०१-७६५००)<br>२. श्री बुद्धिप्रकाश थापा (७६५०१-९००००) |


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

मंगलबार, ०२ पुस, २०८१

| | |
|---|---|
| मेष | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| वृष | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| मिथुन | अरुको करकापमा काम गर्न बाध्य । |
| कर्कट | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| सिंह | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| कन्या | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| तुला | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| वृश्चिक | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| धनु | सुखद समाचारले मनको डर उत्साहमा स्थान्तरण । |
| मकर | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| कुम्भ | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| मीन | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४११११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०२ पुस, २०८१ (१७ डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३५.२१ | १३५.८१ |
| युरो | १ को | १४३.०७ | १४३.७१ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.५७ | १७३.३३ |
| स्विस फ्रैन्क | १ को | १५४.०८ | १५४.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८६.८३ | ८७.२१ |
| क्यानाडियन डलर | १ को | ९६.३० | ९६.७३ |
| सिङ्गापुर डलर | १ को | १००.९२ | १०१.३७ |
| जापानी येन | १० को | ८.९८ | ९.०२ |
| चिनियाँ युआन | १ को | १८.६१ | १८.६९ |
| साउदी अरब रियाल | १ को | ३५.९९ | ३६.१५ |
| कतारी रियाल | १ को | ३७.०९ | ३७.२५ |
| थाई भाट | १ को | ३.९८ | ३.९९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.८१ | ३६.९८ |
| मलेसियन रिङ्गेट | १ को | ३०.५९ | ३०.७३ |
| दक्षिण कोरियन वन | १०० को | ९.५२ | ९.५६ |
| स्विडिस क्रोनर | १ को | १२.४३ | १२.४९ |
| डेनिस क्रोनर | १ को | १९.१८ | १९.२७ |
| हङकङ डलर | १ को | १७.३८ | १७.४६ |
| कुवेती दिनार | १ को | ४४०.०५ | ४४२.०० |
| बहराइन दिनार | १ को | ३५८.५५ | ३६०.१४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# अंगदान र प्रत्यारोपणसम्बन्धी जानकारी अब अनलाइनबाटै

**काठमाडौं–** नेपालमा अंग प्रत्यारोपण गर्नुपर्ने बिरामी तथा दान गर्ने दाताले अब अनलाइनबाटै जानकारी लिनसक्ने भएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य सेवा विभाग टेकु तथा सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको संयुक्त नियन्त्रणमा रहनेगरी थालेको अनलाइन सेवाको स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सोमबार एक कार्यक्रमबीच उद्घाटन गरेका छन् ।

उनले यस सेवाबाट देशभरका नागरिक लाभान्वित हुनेगरी सेवा विस्तार गर्न मन्त्रालयले आवश्यक काम गरिरहेको बताए । 'देशमा मिर्गौला प्रत्यारोपण गरेका ९८ प्रतिशत तथा फोक्सो प्रत्यारोपणपछि ९० प्रतिशत नागरिक सामान्य जीवन बाँचिरहेका छन् । हामी प्रत्यारोपण सेवा अझ विस्तार गर्न प्रतिबद्ध छौं । त्यसका लागि हाल भक्तपुरस्थित केन्द्रका अलावा सरकारीस्तरमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र सुर्खेत प्रादेशिक अस्पतालले अंग प्रत्यारोपण सेवा दिइरहेकामा भेरी अस्पताल घोराही दाङ, सुदूरपश्चिम प्रदेशमा धनगढीस्थित सेती प्रादेशिक अस्पताल तथा बागमतीको भरतपुर अस्पतालमासमेत मानव अंग प्रत्यारोपण सेवा विस्तार गर्ने लक्ष्य छ,' मन्त्री पौडेलले भने ।

अनलाइनमार्फत अंगदान गर्नेले दर्ता गराउन सक्ने र लिन चाहनेले त्यसबारे जानकारीसमेत पाउने व्यवस्था गरिएको छ । मस्तिष्क मृत्युपश्चात् तत्काल जानकारी अनलाइनमा राखिने भएकाले यसले प्रत्यारोपणका लागि बिरामी उपचाररत अस्पतालले समेत तत्काल जानकारी प्राप्त गर्ने सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका प्रमुख डा. पुकारचन्द्र श्रेष्ठले बताए ।

नेपालमा १२ वर्षमा सहिद धर्मभक्त केन्द्रमार्फत एक हजार ३३५ मा मिर्गौला तथा ३० जनामा फोक्सो प्रत्यारोपण भइसकेको छ । देशको सरकारी प्रत्यारोपणसम्बन्धी एक मात्र विशिष्टीकृत यस केन्द्रले बर्सेनि तीन हजार अपेक्षितमध्ये २०० लाई मात्र मिर्गौला प्रत्यारोपण सुविधा दिन सकेको छ ।

दाता अभावमा अन्य अस्पतालले १०० जनालाई मात्र अंग प्रत्यारोपण गर्न सकेका छन् । जीवित व्यक्तिले परिवारलाई मात्र दिन पाउने तर मस्तिष्क मृत्यु भएपछि दान गर्ने दाता कम भएका कारण कयौंले दाता अभावमा ज्यान गुमाउनुपरिरहेको त्यस अवसरमा जानकारी दिइयो । दाता, लिन चाहने बिरामी र अस्पताल बढ्दै जाँदा अनलाइन प्रणालीले ताजा जानकारी दिने भएकाले यसले धेरैको ज्यान बचाउन मद्दत गर्ने विश्वास गरिएको केन्द्रकी मिर्गौला रोग विशेषज्ञ डा. कल्पना श्रेष्ठले बताइन् । 'एकीकृत अनलाइन प्रणालीले अस्पताल र बिरामी दुवैलाई धेरै सजिलो बनाउँछ । यसबाट धेरैजना लाभान्वित हुने हाम्रो विश्वास छ,' उनले भनिन् । *रासस*

# ललितपुरमा 'इन्टेलिजेन्स ट्राफिक लाइट' सञ्चालनमा

■ प्रभाव संवाददाता

**ललितपुर–** ललितपुरमा 'इन्टेलिजेन्स ट्राफिक लाइट' सञ्चालनमा आएको छ । बागमती प्रदेशका श्रम रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जनले पुल्चोकस्थित ललितपुर महानगरपालिका अगाडिको सडक छेउमा रहेको 'स्विच अन' गरेर सोमबार यो प्रविधिको शुभारम्भ गरेका हुन् ।

ललितपुर महानगरपालिकाको लगानीमा सवारीसाधन व्यवस्थापनका लागि सडकमा इन्टेलिजेन्स ट्राफिक लाइट शुभारम्भ गरिएको हो । त्यस अवसरमा मन्त्री महर्जनले ललितपुरमा ट्राफिक व्यवस्थापनका लागि राम्रो प्रयासको सुरुआत भएकामा प्रशंसा गरे । 'महानगरका सबै प्रमुख सडक क्षेत्रमा ट्राफिक व्यवस्थापनका लागि यो प्रणाली प्रभावकारी हुनेछ, देशभर दर्ता भई सञ्चालनमा रहेकामध्ये ६० प्रतिशत सवारीसाधन बागमती प्रदेशमा छन्, यसलाई व्यवस्थापन गर्नु ज्यादै चुनौतीपूर्ण छ । विज्ञान र प्रविधिमा आधारित गरेर 'स्मार्ट ट्राफिक' व्यवस्थापनका लागि भएको यो काम महत्त्वपूर्ण छ,' उनले भने ।

ललितपुर प्रतिनिधि क्षेत्र नं २ का सांसद प्रेमबहादुर महर्जनले नयाँ प्रविधियुक्त प्रणालीले ट्राफिक व्यवस्थापन प्रणालीले यातायात सञ्चालनमा सहजता र यात्रुलाई समय व्यवस्थापनमा प्रभावकारी हुने बताए । ललितपुर क्षेत्र नं २ 'ख' प्रदेशबाट निर्वाचित बागमती प्रदेशसभा सदस्य रामकृष्ण चित्रकारले जनतासँग जोडिएको महत्त्वपूर्ण समस्या समाधानका लागि ललितपुर महानगरले सराहनीय काम गरेको बताए । 'लोकतन्त्र र गणतन्त्रमा जनतालाई अनुभूति गर्नेगरी सेवा दिने काम महत्त्वपूर्ण हो, ट्राफिक व्यवस्थापन, वायु प्रदूषण र फोहोरमैला व्यवस्थापन उपत्यकाको प्रमुख समस्या हो, यसका लागि ललितपुर महानगरले गरेको प्रयास सराहनीय छ,' उनले भने ।

महानगर प्रमुख चिरिबाबु महर्जनले महानगरबाट अध्ययन गरेर ट्राफिक व्यवस्थापनका लागि लाइट जडान गरिएको र यो नेपालमै पहिलोपटक भएको बताए । 'हाम्रो उद्देश्य काठमाडौंतर्फको ट्राफिक समस्या पार गरेर थापाथली पुल हुँदै ललितपुरतर्फ आएकालाई केही समय पनि रोक्न नपरोस् र ट्राफिक लाइटले सहजता प्रदान गरोस् भन्ने हो,' उनले भने, 'यो लाइट स्वचालित भएकाले अन्य परम्परागत ट्राफिक लाइटभन्दा फरक र सहज पनि रहेको छ । सँगै राखिएको 'भेहिकल डिटेक्टर'ले सवारीसाधनको नम्बर तथा विवरण 'रिड' गर्छ । प्रणालीले नै कुन दिशातर्फ कति समय चाहिने हो आफैं निर्धारण गर्छ । हाल यसको 'मनिटरिङ' प्रणाली ट्राफिक कार्यालयमा राखिएको छ ।'

महानगर उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले धेरै विद्यामा ललितपुर महानगरपालिकाले नयाँ कामको सुरुआत गरेको बताइन् । '१०६औं स्थापना दिवसको सन्दर्भमा हामीले यो प्रविधिको प्रयोग सुरु गरेका छौं, हामीले गरिरहेका काममा बौद्धिक जगत्ले पनि सहयोग र समन्वय गरेर हौसला प्रदान गरिरहेको छ । उपत्यकाले झेलिरहेको ट्राफिक समस्या व्यवस्थापनका लागि ललितपुर महानगरले यो नयाँ र नौलो प्रयास गरेको छ,' उनको भनाइ थियो ।

उपप्रमुख बज्राचार्यले नेपालमै पहिलोपटक सञ्चालनमा आएको यो प्रविधिलाई प्रभावकारी बनाउन सबै मिलेर काम गर्नुपर्नेमा जोड दिइन् । उनले सवारीसाधन र सवारीचालक तथा पैदलयात्रीलाई ध्यान दिएर 'म्युनिसिपल मास्टर प्लान' अन्तर्गत यो परियोजना लागू गरिएको बताइन् ।

ललितपुर महानगरपालिकाले दसैंअघि सुरु गरेर कुपन्डोलदेखि जावलाखेलसम्म पाँच स्थानमा यस्ता लाइट जडान गरेको छ । जडानको सबै प्रक्रिया सकिएपछि सोमबारदेखि नियमित सञ्चालनमा ल्याइएको हो । पहिलो चरणमा पुल्चोकमा दुई, कानदेवता स्थानमा एक, दमकल चोकमा एक र जावलाखेलमा एक गरी पाँचवटा लाइट जडान गरिएका छन् ।

लाइटसँगै राखिएको 'भेहिकल डिटेक्टर मेसिन'ले सडकमा सवारीसाधनको संख्या तत्काल 'रिड' गरेर तत्कालै 'ट्राफिक लाइटको चिप तथा सर्भर'लाई जानकारी गराउँछ । सोही आधारमा व्यवस्थापन प्रणालीले जता धेरै सवारीसाधन छन् त्यतातिर हरियो बत्ती बाल्छ । काठमाडौंतर्फका ट्राफिक लाइटमा यात्रुले धेरै समय कुर्नुपर्ने भए पनि ललितपुरमा धेरैमा ३० देखि ५० सेकेन्डमात्रै पर्खे पुग्ने अवस्था बनाइएको महानगरले जनाएको छ ।

यो 'लाइट फिक्स, पुलिस म्यानुअल, सिंक्रोनाइजेसन, एटिसिएस' लगायत आवश्यकता अनुसारको 'मोड'मा प्रयोग गर्न सकिने प्राविधिक सुयसभक्त माथेमाले जानकारी दिए । उनका अनुसार यसमा पाँच वर्षसम्म तथ्यांक भण्डारण हुन्छ भने सवारीसाधन र दुर्घटनाको विवरणसमेत रहन्छ । लाइट जडान गरेको नमूना पावर ग्रेड जेभीले सुरुमा ११७ स्थानमा सम्भाव्यता अध्ययन गरे पनि अति आवश्यक पर्ने पाँच स्थानमा यो प्रविधि जडान गरिएको हो ।


## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०९/०२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा रहेको लट नं. १ को **साल** जातको ग्रेड ए को गोलिया थान १२ को १८९.०५ क्युफिट र ग्रेड बी को गोलिया थान ३६ को ३४०.०७ र ग्रेड सी को गोलिया थान ५३ को २७१.४४ क्युफिट काठ, लट नं. २ को **साल** जातको ग्रेड ए को गोलिया थान ४ को ८२.७७ क्युफिट र ग्रेड बी को गोलिया थान २१ को २८१.१० क्युफिट काठ र ग्रेड सी को गोलिया थान १६ को ११९.१६ क्युफिट काठ, **असना** जातको ग्रेड ए को गोलिया थान ६ को १०७.४१ क्युफिट र ग्रेड बी को गोलिया थान ४ को ३६.७६ क्युफिट काठ र ग्रेड सी को गोलिया थान ४ को २६.७० क्युफिट काठ, **चिलाउने** जातको गोलिया थान ७ को १२२.०३ क्युफिट काठ र **खराने** जातको गोलिया थान ३ को १४.२८ क्युफिट काठ जातको दाउरालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीले गोलिया काठ दाउराको सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**सरस्वती सामुदायिक वन उपभोक्ता समूह**
**कमलामाई न.पा -५, सिन्धुली**

## तु-आवश्यकता

**यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

**1. Public Relations Officer (PRO) - 5 (M/F)**

नोटः **+2 Passed,** अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा अनुभवी हुनुपर्ने छ ।

**तलबः ५0,000 सम्म**

**आवेदन तल दिईएको ईमेल वा ठेगानामा पठाउन सकिनेछ ।**

TESLA OVERSEAS PVT.LTD.
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
HOTLINE NUMBER -9704540753, Email: info@teslaoverseas.com.np, md@teslaoverseas.com.np, Web: www.teslaoverseas.com.np
Govt. License 1638/080/81

## दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०२

आदरणिय शेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ फर्टिलाइजर बैंक लि.** को मिति २०८१ मंसिर ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८१ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२४)
**समय :** दिनको १:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाण्डौ ।
**सम्पर्क :** ९८०२३५०१००

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिको गठन सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरुः**
१. कम्पनीको नाम परिवर्तन गरि मुक्तिनाथ फर्टिलाइजर एण्ड केमिकल्स लि. गर्ने विशेष प्रस्ताव पारित गर्ने ।
२. प्रबन्धपत्र र नियमावलीको प्रस्तावित बुँदाहरुमा संशोधन गर्ने ।
३. कम्पनीको जारी पूँजी रु.२.५ करोड र चुक्ता पूँजी रु. २ करोड पुर्याउने विशेष प्रस्ताव पारित गर्ने ।
४. कम्पनीको प्रबन्धपत्र र नियमावलिमा आवश्यक संसोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

**आज्ञाले,**
नारायण कुमार श्रेष्ठ
संचालक/कम्पनी प्रतिनिधि

**मुक्तिनाथ फर्टिलाइजर बैंक लि.**
**MUKTINATH FERTILIZER BANK LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेलः** info@muktinathkrishi.com
**वेबसाइटः** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"

## दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०२

आदरणिय शेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ नर्सरी बैंक लि.** को मिति २०८१ मंसिर ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८१ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२४)
**समय :** दिनको ३:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाण्डौ ।
**सम्पर्क :** ९८०२३५०१००

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिको गठन सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरुः**
१. कम्पनीको प्रबन्धपत्र र नियमावलिमा आवश्यक संसोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

**आज्ञाले,**
गोविन्द बहादुर राउत
संचालक/कम्पनी प्रतिनिधि

**मुक्तिनाथ नर्सरी बैंक लि.**
**MUKTINATH NURSERY BANK LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेलः** info@muktinathkrishi.com
**वेबसाइटः** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"

## दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०२

आदरणिय शेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ फुड बैंक लि.** को मिति २०८१ मंसिर ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८१ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२४)
**समय :** दिनको ४:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाण्डौ ।
**सम्पर्क :** ९८०२३५०१००

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिको गठन सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरुः**
१. कम्पनीको प्रबन्धपत्र र नियमावलिमा आवश्यक संसोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

**आज्ञाले,**
मोहन कुमार बस्नेत
संचालक/कम्पनी प्रतिनिधि

**मुक्तिनाथ फुड बैंक लि.**
**MUKTINATH FOOD BANK LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेलः** info@muktinathkrishi.com
**वेबसाइटः** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## टीकापुर अस्पताल

टीकापुर कैलाली, नेपाल

## बोलपत्र प्रकाशित सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०९/०२

यस अस्पतालको तपसिल बमोजिमको कार्यको लागि विद्युतीय बोलपत्र (NCB/GOODS) सम्बन्धी प्रकाशित सूचनाको विस्तृत विवरण यस अस्पतालको वेबसाइट www.tikapurhospital.gov.np र http://www.bolpatra.gov.np/egp मा अपलोड गरिएको बिड डकुमेन्टमा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| S.N. | Contract Identification Number | Description of Work | Bid Security (NRS) | Bid Document Price (NRS) | Remarks |
|---|---|---|---|---|---|
| 1. | TH/KAILALI/ NCB/GOODS/ 07/2081-082 | Supply, Delivery and Installation of Laboratory Equipment. | 4,23,000/- | 3000/- | Hard Copy Not Acceptable |

प्र.मे.सु.

# Government of Nepal
## Sharada Municipality
## Water Sector Governance and Infrastructure Support Project (WaSGISP)
## Project Implementation Unit (PIU)
## Sharada Municipality, Salyan, Karnali Province

## Letter of Intent (LOI)

**Date of Publication: 17th December 2024**

Pursuant to ITB 39.1 this is to notify to all the concerned bidders that we have intended to award the following contract to following bidder selected as substantially responsive lowest evaluated bid.

| S.N | Contract ID | Description of Work | Substantially Responsive Lowest Evaluated Bidder | Bid Amount Including PS and VAT (NRs) |
|---|---|---|---|---|
| 1. | NP-DWSSM-424276-CW-RFB | Construction of Public Toilets in Sharada Municipality, Salyan | Royal Construction, Dhangadi, Kailali | 4,08,28,143.56 |

**PIU Manager**

## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१।०९।०२ (17th December, 2024)

यस बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१।०७।११ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना मार्फत आह्वान गरिएको तपसिलको ठेक्कामा दाखिला भएका बोलपत्रहरु मध्ये सबैभन्दा न्यूनतम बोलअंक कबोल गर्ने र सारभूत रूपमा प्रभावग्राही देखिन आएको तपशिल बमोजिमको बोलपत्र स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाताहरूलाई स्वीकृतिको आशयको सूचना जानकारीका लागि प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.स. | ठेक्का न. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मुल्य अभिबृद्धि कर र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| १. | BM/MOR/W/ NCB-10-2081-82 | SUKRAPATH MARGA DRAIN Phase 2 | श्री जगदम्बा विपिन निर्माण सेवा प्रा.लि. बाहुनी, मोरङ | रू. २९,८२,७४३।२५ (अक्षरेपी उन्तिस लाख बयासी हजार सात सय त्रिचालिस रूपैया पच्चिस पैसा मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# रक्षात्मक सरकारको कमजोर कार्यसम्पादन

**सबैभन्दा ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेको मिलीजुली सरकार छ देशमा । एमाले अध्यक्ष केपी शर्मा ओली अहिले प्रधानमन्त्री छन् । तर सत्ता कतिबेला ढल्ने हो भन्दै दैनिकजसो हल्ला हुन्छ । कहिले मन्त्री फेरिने, त कहिले सरकार नै फेरिने हल्ला हुन्छ । प्रधानमन्त्री ओलीले सरकार बन्नेबित्तिकै मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौता गरेका थिए । ती सम्झौतामा के–के थिए सार्वजनिक त छैन तर ओलीले बेलाबेला मन्त्रीहरूलाई बोलाएर यसबारे स्पष्टीकरण भने सोधिरहेका छन् । चीन उड्नुअघि पनि ओलीले यसबारे चासो लिएका थिए ।**

**ओलीकै शैली पछ्याउँदै मन्त्रीहरूले पनि मन्त्रालयका सचिवहरूसँग कार्यसम्पादको फाइल साटासाट गरे । तर तिनमा के प्रतिबद्धता थिए, सार्वजनिक भएनन् । झट्ट हेर्दा ओली नेतृत्वको सरकारको काम अहिले त्यही कार्यसम्पादन सम्झौता भएको र उक्त सम्झौताअनुसार काम भए नभएको समाचार लेखाउँदैमा चलिरहेको छ । मन्त्रीहरूको कामचाहिँ होटल, रेस्टुराँको उद्घाटनमा पुगेर रिबन काट्ने, सम्मान थाप्ने र भाषण गर्ने ।**

**यता प्रशासन धान्ने कर्मचारीहरू विदेश जाने, बेलाबेला बैठक गर्ने, सरकार चाँडै ढल्छ भनेर विश्लेषण गर्दै बित्छ । न त प्रशासकले काम गरेको छ, न त मन्त्रीहरूले नै । त्यसपछि कतै सरकार ढलिहाल्छ कि भनेर अहिलेको सरकारको नेतृत्व त्रासमा देखिन्छ । हुन पनि ओली नेतृत्वको सरकार अहिले राष्ट्रिय स्वतन्त्र पार्टीसँग त्रसित छ । सहकारी ठगी आरोपमा रास्वपा सभापति रवि लामिछाने अहिले अनुसन्धानका लागि हिरासतमा छन् । अर्का आरोपी दुर्गा प्रसाईं पुर्पक्षाका लागि थुनामा छन् । यी दुई नेतासँग ओली त्रसित हुनुको कारण के हो त ?**

**प्रस्टै छ, जनतामा आशा जगाउने खालका केही काम ओली नेतृत्वको सरकारले गर्न सकेको छैन । अर्थतन्त्र ओरालो लागेको छ, यद्यपि सरकारले सुधार आएको दाबी गरेको छ । बैंकबाट पैसा जान छाडेपछि राष्ट्र बैंकले तानेको तान्यै छ । घरजग्गा व्यवसाय खुम्चँदा राजस्व घटेको छ । भान्सा महँगिदा उपभोक्ता मारमा परेका छन् । कामदारले समयमा ज्याला पाएका छैनन् । जसको वितृष्णा सरकारमाथि पोखिने डर प्रस्टै छ । जसकारण बेलाबेला प्रधानमन्त्री ओली 'देश बंगलादेशजस्तै बन्न सक्छ, श्रीलंका हुनसक्छ' भन्दैमा नहुने भन्दै आफैं मैमत्त अभिव्यक्ति दिइरहेका छन् । यो ओलीको आफ्नो कमजोरी ढाक्ने रणनीति भएको प्रस्ट बुझिन्छ । सरकारले डेलिभरी दिने हो, रक्षात्मक बन्ने होइन । संसद्मा दुईतिहाइ बहुमत भएको सरकारको यस्तै कार्यशैलीले जनतालाई निराश बनाउनेबाहेक केही आशा जगाउने देखिँदैन । त्यसैले भाषणबाजीमा होइन काममा ध्यान दिन जरुरी छ । ओली सरकारको ध्यान जाओस् ।**

## मननयोग्य

### चाणक्य नीति

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठातृ देवता हुन् भनी मानिँदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो । शास्त्र र यसको तत्त्वलाई भलिभाँती बुझेका ऋषि महर्षिहरूले सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् ।

विदुरनीतिमा राजनीतिका मूलभूत कुरा र गहन तत्त्वहरूको विवेचना गरिएको छ । साथै मानवीय चरित्रको उत्थान र विकास गर्ने नैतिक उपदेशहरूको प्रवचन पनि यसमा समावेश छ । सामाजिक मूल्य र मान्यतालाई ह्रास हुनबाट जोगाउने क्रममा वर्तमान समयमा पनि विदुरनीति त्यत्तिकै प्रासंगिक ठहरिएको छ ।

'धर्मको गति बुझिनसक्नु छ' 'र्मका तात्विक विषयहरू यत्रतत्र पाइँदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छँदैछन् । कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन । धर्म र अधर्मका तत्त्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र बुझ्नुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले बुझेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था) बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्त्व भनिएको छ ।

# मर्यादित महिनावारीमैत्री देश चिनाउने अवसर



■ गोविन्द खड्का

> नेपालले मर्यादित महिनावारी अभियानमा नेतृत्व गर्दै पहिलोपटक सरकारी तहमा र तेस्रोपटक राष्ट्रिय मानवअधिकार आयोगको स्वामित्वमा यो दिवस मनाएर विश्वमा सकारात्मक सन्देश दिएको थियो । त्यसपछि राज्य र राज्यका निकायले अग्रसरता देखाएका छैनन् । महिनावारी विभेदको अन्त्यका लागि सरकारी नीति, योजना, र क्रियाकलापको प्रभावकारी कार्यान्वयनमा जोड दिनु आवश्यक छ । समाजको पुरातन सोच र विभेदकारी व्यवहारलाई तोड्ने जिम्मेवारी सरकारको मात्रै नभएर आमसमुदायको पनि हो । मर्यादित महिनावारीको अभियानलाई निरन्तरता दिने र विभेदको अन्त्य केवल नारा र औपचारिकताबाट मात्र हुँदैन ।

महिनावारी एक प्राकृतिक प्रक्रिया हो, जसले सृष्टि र जीवनलाई चलाउन महत्त्वपूर्ण भूमिका निभाउँछ । महिनावारी विभेदका कारण र प्रभावका विषयमा दर्जनौं प्रश्नहरू छन् । अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस मनाइरहँदा यो पवित्र प्रक्रिया, जसले सृष्टि चलाउँछ, उसैलाई किन अपवित्र बनाइयो ? शुद्धता र अशुद्धताको ट्याग कसले लगायो ? कल्पना गरौं, महिनावारी नै भएन भने के होला ? सृष्टि कसरी चल्ला ? सृष्टि चलाउने यो प्राकृतिक प्रक्रियालाई सम्मान गर्नुको सट्टा समाजले किन अपमान गरिरहेको छ ? महिनावारी हुने व्यक्तिलाई दोस्रो दर्जाको नागरिक किन बनाइएको होला ? के महिनावारी नभएको भए संसारमा जीवनको अस्तित्वमा रहन्थ्यो त ? महिनावारी र प्रजनन् प्रक्रियासँगै, जीवनको उत्पत्ति र भविष्यलाई निर्धारण गर्ने यस प्राकृतिक चक्रलाई ध्यानमा राख्ने हो भने महिनावारी हुनेहरूमाथिको विभेदले सृष्टिको अस्तित्वसँग मेल खाँदैन ।

महिनावारी विभेदको अन्त्य र मर्यादित महिनावारीमा पुरुषको पनि उत्तिकै भूमिका रहेको हुन्छ । हाम्रो समाजमा महिनावारी हुने व्यक्तिलाई गर्ने विभेद, अपमानले महिला शरीरको स्वामित्व र स्वतन्त्रतालाई सम्मान गर्दैन । महिनावारीलाई अपवित्र ठान्नु भनेको महिलाको शरीर र जीवनलाई सामाजिक रूपमा त्याग्नु हो । हामीले महिनावारीलाई अपवित्र र अशुद्ध ठान्दा हामीले प्राकृतिक प्रक्रियासँग अन्याय गरिरहेको हुने छ । आफ्नै अस्तित्व र प्रजनन्को आधारलाई नष्ट पार्ने काम पुरुषबाट पनि हुनु हुँदैन । महिनावारीको कारण शिक्षा, स्वास्थ्य र रोजगारका अवसरहरूमा असर गरिरहेको छ भने समावेशी र समतामूलक समाज निर्माणको यात्रामा अगाडि बढ्न सकिँदैन ।

### समाज र मौनता

महिनावारी विभेद हाम्रो समाजको सामान्य लाग्ने गम्भीर समस्या हो । यसले महिनावारी हुने व्यक्तिको सम्मान, स्वतन्त्रता र मौलिक अधिकारलाई असर गर्छ । जात, धर्म, भाषा, धनी-गरिब, पढेको-नपढेको, सहर-गाउँ, सबै परिस्थतिमा महिनावारी हुँदा महिनावारी हुने व्यक्तिहरूले केही न केही देखिने र नदेखिने खालका बार्ने चलनहरू छन् । विशेषगरी खान हुने कि नहुने, छुन हुने कि नहुने अथवा सहभागी हुने कि नहुने, हिँडडुल गर्न हुने कि नहुने भन्ने कुराहरूसँग सम्बन्धित छन् । गोठमा बस्ने कि नबस्ने भन्ने कुरालाई मात्रै महिनावारी विभेद मान्न सकिन्न । महिनावारीमा नभएको २५ दिन र महिनावारी भएको पाँच दिने क्रियाकलापमा छुट्टिने (भान्सामा नजाने, पूजा नगर्ने, खाना छुट्टै खाने) व्यवहार सुदूरपश्चिम र कर्णालीमा मात्रै नभएर अन्यत्र पनि रहेको देखिन्छ ।

महिनावारीका नाममा हुने विभेदले किशोरी र महिलाको शिक्षामा असर, स्वास्थ्य जोखिम र मनोवैज्ञानिक तनाव निम्त्याउँछ । तर, समाज महिनावारीका विषयमा खुलेर कुरा गर्न किन तयार छैन ? यो मौनताका पछाडि अज्ञानता, लाज, र परम्परागत धारणाको खास के हो ? यो मौनता अज्ञानताको उपज हो कि परम्पराको नाममा लाज छोप्ने प्रयास ? सबै प्रकारका विभेद र हिंसाविरुद्ध मौनता तोड्नुपर्छ भन्ने सचेत समाज किन महिनावारी विभेदको सवालमा मौन छ ? शिक्षित मानिने मानिसहरूले पनि महिनावारीबारे खुलेर कुरा गर्न नचाहनु र यसलाई सामाजिक विषयको रूपमा नउठाउनुको कारण के होला ? त्यसो भए के उनीहरूले महिनावारीलाई समाजको कलंक बनाउने जिम्मा लिएका हुन् ? यस्ता थुप्रै प्रश्नहरूले नेपाली समाजलाई विश्वसामु शिर निहुराउने बनाएको छ ।

### संविधान, कानुन र महिनावारी विभेद

हाम्रो संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार दिएको छ । तर महिनावारीको कारण कसैलाई भान्सामा जान नदिँदा, घरभित्र बस्न नदिँदा मौलिक हकको उल्लंघन भएको छ । यो विषय बलियोसँग संसद्देखि सडकको बहसमा आउन सकेको छैन । यस्तो संवेदनशील विषयलाई किन संवाद र सहकार्यको माध्यमबाट समाधान गर्न खोजिदैन ? अहिले समाजमा महिनावारीलाई स्वास्थ्य र सरसफाइसँग जोडेर बहस गरिएको छ । धेरै व्यक्ति, संघ-संस्था, सरकारले पनि त्यसै अनुसार काम गरिरहेका छन् । त्यसैसँग जोडेर नेपालमा अहिले महिनावारी प्याड बाँड्ने कार्यक्रम चलेको छ । तर, यसले मात्रै किन महिनावारी विभेद अन्त्य भएको छैन ।

महिनावारी विभेदले महिलाहरूलाई शारीरिक, मानसिक र सामाजिक रूपमा प्रताडित गरेर लैंगिक हिंसाका विभिन्न रूपलाई जन्म दिन्छ । यो मानवअधिकारको गम्भीर उल्लंघन हो, जसले समानताका अधिकार, शिक्षा, स्वास्थ्य, र सम्मानजनक जीवनयापन गर्ने अधिकारलाई प्रत्यक्ष असर पुऱ्याउँछ । नेपालको संविधान २०७२ को धारा ३८ मा महिलालाई समानता र भेदभावरहित जीवन जिउने अधिकार सुनिश्चित गरिएको छ । साथै, लैंगिक हिंसाविरुद्ध ऐन २०६७ र मानवअधिकार संरक्षण ऐन २०५३ अनुसार यस्ता कार्यहरू कानुनी अपराधमा पर्छन् । महिनावारी विभेदलाई छाउपडीको नामसँग जोडेर २०७४ सालमा गैरकानुनी घोषित गरिएको थियो । महिला अधिकारसँग जोडिएका यी महिनावारी विभेदका दर्जनौं अभ्यासहरूले कानुनलाई चुनौती दिँदै समाजलाई अझै पनि पुरातन सोचको जालमा फसाइरहेको छ । भान्सामा जान नपाउने एउटा मात्रै विभेदले संविधानका कति मौलिक हक, धारा र त्यसअन्तर्गत बनेका कानुनको उल्लंघन भइरहेको छ ।

संविधानले समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणका लागि वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने लक्ष्य लिएको छ । संविधानमा उल्लेख भएका मौलिक अधिकारका धाराहरूः सम्मानपूर्वक जिउन पाउने अधिकार, स्वतन्त्रताको अधिकार, समानताको अधिकार, खानाको अधिकार, शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, बासको अधिकार, छुवाछूतविरूद्धको अधिकार, महिला हकको अधिकारहरू लेखिएका छन् । यी सबै अधिकारहरू महिनावारी भएको बेलामा बार्ने चलनले एकसाथ हनन् भएको अवस्था देखिएको छ । त्यसो भए महिनावारीको विभेदलाई महिला हिंसा किन नभन्ने ? भन्ने प्रश्नको उत्तर समाजले दिन सकेको छैन ।

महिनावारी विभेद नेपालमा सबै ठाउँमा छन् । यसका अभियन्ता डा. राधा पौडेलको अध्ययन र अनुसन्धानमा आधारित किताबको अध्ययन गर्दा महिनावारी विभेद रूपमा फरक भए पनि सारमा संसारभरि छ । सुदूरपश्चिम र कर्णालीका कयौं गाउँमा अझै महिनावारी भएका बेला गोठमा पठाइन्छ । त्यहाँ विभेद बाहिर आँखाले प्रस्ट देखिन्छ, अन्त देखिन्न । तर, गर्न हुने र नहुनेको अध्ययनको सूची हेर्ने हो भने मेरो जिल्ला अछामभन्दा काठमाडौंमा धेरै महिनावारी विभेद छ ।

तर, किन छाउपडीको ट्यागमा महिनावारी विभेद सुदूरपश्चिम र कर्णालीका जिल्लामा मात्रै छ जस्तो भाष्य बनाएको छ ? के अभाव, गरिबी अशिक्षाका कारणले ती ठाउँलाई हेपेको ? संघ-संस्थाहरूले मर्यादित महिनावारीमैत्री समाज निर्माण गर्नुको सट्टा किन विभेदलाई मात्र प्रचार गरिरहेका छन् ? पहिलो 'अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस' नेपाल सरकारको नेतृत्वमा मनाइएको थियो । अहिले छैटौं मर्यादित महिनावारी दिवस मनाइएको छ । डिग्नीफाइट मेन्सुरेसन ग्लोबल साथ कोलिसनका अनुसार नेपालसहित विश्वका ७३ देशमा अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस मनाइएको छ । नेपालले मर्यादित महिनावारी अभियानमा नेतृत्व गर्दै पहिलोपटक सरकारी तहमा र तेस्रोपटक राष्ट्रिय मानवअधिकार आयोगको स्वामित्वमा यो दिवस मनाएर विश्वमा सकारात्मक सन्देश दिएको थियो । त्यसपछि राज्य र राज्यका निकायले अग्रसरता देखाएका छैनन् । महिनावारी विभेदको अन्त्यका लागि सरकारी नीति, योजना, र क्रियाकलापको प्रभावकारी कार्यान्वयनमा जोड दिनु आवश्यक छ । समाजको पुरातन सोच र विभेदकारी व्यवहारलाई तोड्ने जिम्मेवारी सरकारको मात्रै नभएर आमसमुदायको पनि हो । मर्यादित महिनावारीको अभियानलाई निरन्तरता दिने र विभेदको अन्त्य केवल नारा र औपचारिकताबाट मात्र हुँदैन । पहिलो पहलकर्ता भएको नाताले सयुक्त राष्ट्रसंघलाई दिवसको मान्यताका लागि आग्रह गर्दै नेपाललाई मर्यादित महिनावारीमैत्री देशका रूपमा चिनाउने सुनौलो अवसर रहेको छ । *रासस*




# दलको झोलामा नारदमुनि !

पौराणिककालका नारदको जन्म कुनै महिलाविना नै भएको थियो । यिनलाई ब्रह्माबाट जन्माइएको थियो । कलियुगका नारदहरूको जन्म माता पिताबाट नै भएको थियो । तर, यिनीहरूलाई दलले नै जन्माएका थिए । ती नारद ब्रह्माण्डको सबै कुरा थाहा पाउँथे । उनी देवताका मात्र थिएनन् । दानव, दैत्य, नाग, गन्धर्व, मानव सबैका साझा थिए । अहिलेका नारद वल्लो टोल र पल्लो टोलको कुरा पनि थाहा पाउँदैनन् । नाइकेले भने पछि मात्र भाको नभाको थाहा पाउँछन् ।

ऊ बेलाका नारदले शिवलाई अनेक कुरा लगाएर दक्ष प्रजापतिको शिर छेदन गर्न लगाएका थिए । अहिलेका नारदमुनि आफ्नै घरभित्र आगो लगाउन तयार हुन्छन् । ऊ बेलाका नारदमुनिलाई पृथ्वी लोक घुम्ने रहर लागे छ । रात छिप्पिँदै थियो । मंसिर शुक्ल पूर्णिमाका दिन अचानक साँझ नारदमुनि टुँडिखेलको चौरमा फुत्त झरे । उनी यहाँको रमझम देखेर दंग परिरहेका थिए । चिटिक्क परेको व्यक्ति, हातमा गोप्रो बोकेको देखेर काठमाडौंका नारदमुनिले सोधे, 'तपाईंलाई पहिलोपटक देखें, कहाँबाट आउनुभएको हो ?'

ती नारदमुनिले नेपाली भाषा अलि बुझेनन्, उनले मुण्टो हल्लाए । उनले उनकै लवजमा बोले । यताका नारदले सबै बुझेजस्तो गरे । तर केही बुझेका थिएनन् । भर्खरै पृथ्वी झरेका नारदमुनिलाई लाग्यो, यहाँका नारदहरू सबै संकेतमा पोख्त रहेछन् । मैले यिनको भाषा बुझिनँ तर यिनले मेरो भाषा कसरी बुझे ?

नारदमुनि मुसुक्क हाँसे, यताका नारद भने ङिच्च परेर हाँसे । हाम्रा नारद ङिच्च हाँसेको देखेर नारदमुनिलाई शंका लाग्यो । यी पक्कै पनि म जस्तै होइनन् । उनले मुसुक्क हाँस्दै इशारा गरे, कतै पेय पदार्थ पिउन पाए हुन्थ्यो ।

हाम्रा नारद के कम, विदेशी भेटेका । उता ठमेलतिर पुऱ्याउने विचार गरे । उनले नेपांग्रेजीमा ठमेलऽ ठमेल भन्दिए । विचरा नारदमुनिलाई के थाहा ठमेल ! उसले नि ओकेऽ ओके गर्दियो ।

ट्याक्सी चढेर ठमेल पुगे । ठमेलको रमझम देखेर नारदमुनि तीनछक्क परे । सडकलाई उनले स्वर्गका अप्सरा कहाँबाट यहाँ आइपुगे छन् भन्ने लाग्यो । उनलाई जाडो लागिरहेको थियो । तर, ठमेलमा अप्सराहरूको अर्धनग्न शरीरमा पनि चिसोको कुनै आभाष थिएन ।

नारदमुनि र नारद क्वलमा छिरे । नारदमुनिलाई केही शंकोच भयो । उनले आफ्नो रूप परिवर्तन गरे । एकै छिन ध्यान गरेजस्तै गरी भाषा बुझ्नेजस्तै भए । यताका नारद मुर्गा पाएकोमा खुसी थिए । एकैछिनको रमझमपछि दुवै खाना खाने भनेर क्लब छाडे ।

नारदमुनिले नारदलाई आधा नेपाली र आधा अत्तोपत्तो नभएको भाषा मिलाएर सोधे, 'साँच्चि तिमी के गर्छौ ?' यताका नारदले भने, 'म त संगठनमा छु साराका सारा नारदलाई मैले नै चलाउने हो ।'

नारदमुनि दंग परे । सबै नारदलाई ऊ एक्लैले चलाउने रहेछ । भनेपछि पक्कै ठूलै नारद रहेछ । मन मन सोचें । यताका नारदले मित्र नारदमुनिलाई सोधे, 'अनि तिमीचाहिँ के गर्छौ नि ?'

नारदमुनिले भने, 'म त खासै केही पनि छैन । सानो जिम्मेवारी दिएको छ । स्थलगतरूपमा सत्यतथ्य पत्ता लगाएर जानकारी गराउने । मैले सबैको हेर्नुपर्छ । कहिले यताका कुरा गर्ने कहिले उताका कुरा गर्ने ।' सानो काम छ । सबैले माया नै गर्छन् । उसले पनि उत्साहित मान्दै सोध्यो, 'तिमी त ठूलो मान्छे रहेछौं, सूचना त निकै आउँछन् होला । हाम्रो जतो गाह्रो पनि छैन होला ? '

नारदले धक्कु लगाउँदै भन्यो । 'हो नि हामीलाई त्यत्ति गाह्रो छैन तिमेरुको जस्तो । माथिको निर्देशन संगठनलाई आउँछ । त्यहीअनुसार संगठनभित्रका नारदहरूलाई जिम्मा लगाउने । कसलाई कहाँ फाँड्ने एकै चोटीमा सखाप !'

नारदमुनि अलमल्ल पऱ्यो । 'यस्तो पनि हुन्छ त ? आफैंले सत्यतथ्य खोज्नुपर्ने होइन र ? जोखिम त धेरै होला नि ?'

उसले तुरुन्तै जवाफ फर्कायो । छैन केही जोखिम । संगठनले सहयोग गरे गरिगो नगरे अर्को संगठनतिर छिरिगो । के सत्य के असत्य । सबैलाई पंगु बनाउने हो ।

ऊ अझै उत्सुक भयो । 'त्यसो गर्दा आमनागरिकलाई अन्याय पर्दैन भन्या ? हाम्रो त तटस्थ हुनुपर्छ । हामी त कतै संगठनमा पनि हुँदैनौं । सबैको बराबरी भएर काम गर्छौं ।' तिम्रोमा संगठनले भनेको मात्र मान्दा कसरी सही सूचना प्राप्त हुन्छ त ?

नारदले फेरि थप्यो, 'हाम्रो देशमा त्यस्ता संगठन नभएका त बाँच्नै गाह्रो पो हुन्छ त ? एकदम थोरै छन् । ती पनि टिक्न सक्दैनन अनि विदेसिन्छन् ।'

'ओहो ! त्यो त राम्रो होइन हो मित्र । हामी नारदमुनिहरूको काम भनेको सबैलाई सही जानकारी दिने हो । को मेरो को तेरो भन्दा पनि दिने त खास कुरो हो नि !'

नारद भन्छन्, 'दिनुपर्ने त खास कुरो नै हो । तर त्यो खास कुरो कसले पो पत्याउँछन र ? हाम्राँ त सबै कुनै न कुनै दलको झोलामा हो । माथिबाट जे आउँछ, त्यही नै स्वीकार गरेर वोक्ने हो ? सत्य तथ्य भन्न थाल्यो पनि त उही हो पारा । मिलुञ्जेल विन्दास मिल्छ छाडेपछि सत्यानाश !'

उसले फेरि सोध्छ,'तिमीहरूको विचार बलियो हो कि संगठन ? '

यताका नारद फुरुंग हुँदै भन्छन्, के को विचार हुनु नि, संगठन नै हो । पद पनि भागबण्डामा हुने हो । विचार मिलोस् कि नमिलोस् । पद मिले सबै मिल्छ, पद नमिले भित्ता पुऱ्याउँछ ।'

नारदमुनिले कुरो बुझ्दैन । अनि फेरि सोध्छ 'होइन तिम्रो नेपालको नारदहरू सबै दलबाट परिचालित हुनुपर्ने हो ? कि के हो ?

हाम्रो नारद ठमेलको नशामा अलिअलि झ्याप भइसकेका छन् । उनी कुनै धक नमानी उत्तर दिन्छन्, 'हाम्रा त पार्टीको झोला, झोलामा पनि कुन गुट । गुटमा पनि को व्यक्तिको भन्ने हो नि । दलको झोलाभन्दा बाहिर त मुस्किल हो साथी मुस्किल । हामी त सबै दलको झोलाका नारदमुनि । खेल खत्तम पैसा हजम !

# वातावरण संरक्षणमा न्यायपालिकाको भूमिका महत्त्वपूर्ण

■ प्रभाव संवाददाता

**गण्डकी–** वातावरण तथा वन्यजन्तु संरक्षणमा न्यायपालिकाको भूमिका महत्त्वपूर्ण हुनेमा जोड दिइएको छ । पोखरामा दुईदिनसम्म चलेको 'वातावरणीय तथा वन्यजन्तु संरक्षणसम्बन्धी सवालहरूमा न्यायिक दृष्टिकोण' विषयक कार्यशाला गोष्ठीमा वातावरणीय न्यायको क्षेत्रमा न्यायपालिकाबाट महत्त्वपूर्ण फैसला गरेको औंल्याइएको थियो ।

न्यायाधीश समाज नेपाल र राष्ट्रिय प्रकृति संरक्षण कोषद्वारा आयोजित उक्त गोष्ठीमा पोखरा महानगरका प्रमुख धनराज आचार्यले वातावरणको मुद्दा न्यायको विषय भएको बताए । विकसित देशहरूले गरिरहेको कार्बन उत्सर्जनका कारण नेपालले वातावरणीय क्षति व्यहोर्नुपरेको जनाउँदै नेपालले जलवायु क्षतिपूर्ति पाउनुपर्ने उनको भनाइ थियो । गण्डकी प्रदेश सरकारका वन तथा वातावरणमन्त्री भेषबहादुर पौडेलले वातावरण क्षेत्रमा तल्लो तहबाटै न्याय निरूपणको आवश्यकता रहेको बताए । उनले वन क्षेत्रको जिम्मेवारी प्रदेश तहलाई दिनुपर्ने बताए ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवरले वन्यजन्तु अपराध संसारको चौंथो ठूलो संगठित अपराध भएको उल्लेख गरे । वातावरणीय मुद्दाका विषयमा अन्तर्राष्ट्रिय अदालत हेगमासमेत हाले सम्मेलन भएको र नेपालले जलवायु न्यायको विषय उठाएको उनको भनाइ थियो । वातावरण तथा वन्यजन्तु अपराधसँग सम्बन्धित विषयहरूमा न्यायालयले गरेका फैसलालाई सरकारले कार्यान्वयन गरेको जनाउँदै वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले वातावरण संरक्षण सबैको दायित्व रहेको उल्लेख गरे ।

कोषका अध्यक्षसमेत रहेका मन्त्री शाहीले वातावरणीय न्यायका विद्यमान चुनौती र समस्यालाई सूक्ष्म तबरबाट विश्लेषण गरी नीति निर्माणदेखि कार्यान्वयन तहसम्म लैजानुपर्ने बताए । उनले संसार जलवायु परिवर्तन, जैविक विविधताको क्षय र प्रदूषणको संकटबाट गुज्रिएको बताउँदै यी विषयमा राज्यका सबै निकायको समान बुझाइ आवश्यक रहेको बताए ।

कार्यक्रममा सर्वोच्च अदालतकी वरिष्ठ न्यायाधीश सपना प्रधान मल्लले दुई विकसित र औद्योगिक राष्ट्रका बीचमा रहेकाले नेपाल वातारणीय संकटको उच्च जोखिममा रहेको बताइन् । उनले वातावरणीय अध्ययन प्रतिवेदनलाई अदालतले गम्भीर दस्तावेजका रूपमा लिने भएकाले उक्त प्रतिवेदनलाई सामान्यरूपमा नलिन आग्रह गरिन् ।

न्यायाधीश मल्लले संरक्षण र उपभोग गर्दा वातावरणलाई धेरै क्षति गर्न नहुने बताइन् । गोष्ठीमा पूर्वप्रधानन्यायाधीशमिनबहादुररायमाझीले सिद्धान्तमा आधारित न्याय सम्पादन गर्नुपर्ने बताए । आइतबार वातावरणीय न्यायका सवालमा तीनवटा सत्रमा छलफल भएको राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्यसचिव डा. नरेश सुवेदीले जानकारी दिए ।

विषयविज्ञहरूले सो सम्बन्धमा बनेका राष्ट्रिय-अन्तर्राष्ट्रिय कानुन, तिनको कार्यान्वयन अवस्था, चुनौती र समाधानबारे आफ्नो प्रस्तुतीकरण राखेका थिए । कोषले न्यायाधीश समाजसँगको सहकार्यमा विभिन्न तहका अदालतका गरी १०० भन्दा बढी न्यायाधीशलाई यस विषयमा जानकारी दिइसकेको कोषअन्तर्गतको अन्नपूर्ण संरक्षण क्षेत्रका प्रमुख डा. रवीन कडरियाले जानकारी दिए । कार्यशाला गोष्ठीको शनिबार प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले उद्घाटन गरेका थिए ।

# ५० हजार भक्तजनले गरे दुप्चेश्वर दर्शन



**त्रिशूली (नुवाकोट)–** धान्य पूर्णिमाको अवसरमा यहाँको दुप्चेश्वर गाउँपालिका-६ स्थित दुप्चेश्वर महादेव मन्दिरमा ५० हजार भक्तजनले पूजा आराधना गरेका छन् । दुप्चेश्वर क्षेत्र विकास कोषका संरक्षक तथा गाउँपालिका अध्यक्ष शंकरबहादुर थापाका अनुसार यस वर्ष एकादशीका दिनदेखि सुरु भएको जात्राअन्तर्गत मुख्य दिन शनिबार र आइतबार दुई दिनमा २० हजारभन्दा बढी दर्शनार्थी आएका थिए ।

तिथिको गडबडले यस वर्ष शनिबार र आइतबार दुई दिन पूर्णिमा परेकाले दर्शनार्थी उत्साहजनकरूपमा आएको मन्दिरका पुजारी भगवानहरि धितालले बताए । पौराणिक कथनअनुसार धेरै वर्ष पहिला स्थानीय बासु तामाङको गाई हराएपछि खोजी गर्दै जाँदा अनकन्टार पहिरोमा पुगेर शिलामा दूध चढाइरहेको भेटिएकाले उक्त शिलालाई दुग्धेश्वर महादेव रहेको विश्वासमा पूजा आराधाना गर्न थालिएको हो । गाईले दूध चढाएको हुँदा दुग्धेश्वर हुँदै हाल यस मन्दिरलाई दुप्चेश्वर भन्ने गरिन्छ ।

मन्दिरका पुजारी धितालको अनुसार 'भक्तजनले जे माग्यो त्यो सिद्ध गराउने' भगवान्को रूपमा पुजिने दुप्चेश्वरले विशेषगरी पुत्रलाभ गराउने विश्वास गरिन्छ । मन्दिरमा दर्शन गरेमा सन्तान प्राप्ति, बोली नफुटेका बालबालिका बोल्न सक्ने, गाईभैंसीको दाम्लो चढाएमा पशुधन प्राप्त हुनेलगायतका विश्वासमा मन्दिर दर्शन गर्न दैनिक सयौंको संख्यामा भक्तजन आउने गरेका छन् । *रासस*

# बसाइँसराइले रित्तियो हिमालपारिको जाङ गाउँ

**सिमकोट (हुम्ला)–** यहाँको उत्तरी नाम्खा गाउँपालिका-६ स्थित हिमालपारि भनेर परिचित लिमीको जाङ गाउँ बसाइँसराइले रित्तिएको छ । एक वर्षअघि चार घरधुरी रहेको जाङ गाउँ यो वर्ष खाली भएको हो । यस गाउँका स्थानीय भौतिक सुविधाको खोजीमा काठमाडौं, सुर्खेत, नेपालगञ्जलगायतका सहरमा बसाइँसराइ गरेपछि गाउँ रित्तिएको हो ।

यो वर्ष जाङ गाउँमा कोही नभएको तील गाउँका वडा सदस्य तुन्डुप लामाले जानकारी दिए । कोरोनामा बन्द रहेको चीनसँगको हिल्सा नाका खुलेपछि कोही रोजगारीका लागि चीनको ताक्लाकोट पुगेका छन् । बढी जसो जाङ गाउँका स्थानीय सिमकोटसहित जिल्लाबाहिर सुविधा सम्पन्न सहरमा बसाइँसराइ गरेर गएको वडा सदस्य लामाले बताए । दुई वर्षयता गाउँपालिकाले यहाँका बिरामीको उपचारका लागि बाह्रै महिना लिमी स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी खटाएको थियो । हल्जी र तील गाउँका लागि स्वास्थ्य सेवा बाह्रै महिना उपलब्ध गराएको लिमी स्वास्थ्य चौकीका अहेब लोग बोहराले बताए । *रासस*

## दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१/०९/०२

आदरणिय शेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.** को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ ट्रेडिङ लि.** को मिति २०८१ मंसिर ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८१ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२४)
**समय :** दिनको १२:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाण्डौ ।
**सम्पर्क :** ९८०२३५०१००

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**
१. कम्पनीको जारी पूँजी र चुक्ता पूँजी रु. ५ करोड पुऱ्याउने विशेष प्रस्ताव पारित गर्ने ।
२. कम्पनीको प्रबन्धपत्र र नियमावलिमा आवश्यक संसोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

**आज्ञाले,**
तुलसीराम ढकाल
अध्यक्ष

**मुक्तिनाथ ट्रेडिङ लि.**
**MUKTINATH TRADING LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेल:** info@muktinathkrishi.com
**वेबसाइट:** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"

## दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१/०९/०२

आदरणिय शेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.** को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ लाइभस्टक बैंक लि.** को मिति २०८१ मंसिर ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८१ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२४)
**समय :** दिनको ११:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाण्डौ ।
**सम्पर्क:** ९८०२३५०१००

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**
१. कम्पनीको जारी पूँजी रु. ३ करोड ५० लाख र चुक्ता पूँजी रु. २ करोड ८० लाख पुऱ्याउने विशेष प्रस्ताव पारीत गर्ने ।
२. कम्पनीको प्रबन्धपत्र र नियमावलिमा आवश्यक संसोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

**आज्ञाले,**
उमेश कुमार आचार्य
अध्यक्ष

**मुक्तिनाथ लाइभस्टक बैंक लि.**
**MUKTINATH LIVESTOCK BANK LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेल:** info@muktinathkrishi.com
**वेबसाइट:** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"

## Nepal Army

### No.2 Ban Tatha Paryabaran Surakshya Gan

### Invitation for Online Bid

(Date of Publication: 2024-12-17)

1. No.2 Ban Tatha Paryabaran Surakshya Gan, Hattikhor barrack, Nawalparasi (Ba.Su.Pu.) invites online bid for the following Procurement of Firefighting Equipment and Dam & Artificial Lake Construction . The name and identification of the contracts are as follows.

| S. No. | Name of Procurement | Contract Identification No. | Last Date of Bid Submission | Bid opening Date and Time | Cost Estimate (Including Vat) | Document Fee | Bid Security | Notice Publication times |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Procurement of Firefighting Equipment | NA/NO.2FESBN/NCB/WORKS/081/82/06 | 2025-01-01 at 12:00 | 2025-01-01 at 13:00 | Rs.1,920,180.75 | Rs.3,000.00 | Rs.52,000.00 | Second time |
| 2 | Dam and Artificial Lake Construction work at Ghumauri Khola, Nawalpur (Bardaghat susta purba) | NA/NO.2FESBN/NCB/WORKS/081/82/07 | 2025-01-16 at 12:00 | 2025-01-16 at 13:00 | Rs.96,71,008.10 | Rs.3,000.00 | Rs.2,62,000.00 | First time |

2. Interested and eligible bidders may obtain further information & inspect the bidding documents at www.bolpatra.gov.np/egp. For more details, please contact in 9857089944.

## युएइमा रोजगार — कम्पनी : G2 INTERNATIONAL LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/०१ | LT. No. 315473 | चलानी नं. ६०२२९७२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helpers | 70 | 0 | 800 | २९,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RR FACILITY MANAGEMENT - SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/०१ | LT. No. 315528 | चलानी नं. ६०२२९७३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 150 | 50 | 800 | २९,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ९ गते (24th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## कतारमा रोजगार — कम्पनी : DOHA ROCK TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०९/०१ | LT. No. 315412 | चलानी नं. ६०२२९७०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 1 | 0 | 1100 | ४०,८७० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Decor Wood Worker | 1 | 0 | 1100 | ४०,८७० | | | | | | | |
| 3 | Electric | 1 | 0 | 1100 | ४०,८७० | | | | | | | |
| 4 | Gypsum Technician | 1 | 0 | 1100 | ४०,८७० | | | | | | | |
| 5 | Heavy Equipment Driver | 1 | 0 | 2200 | ८१,७४५ | | | | | | | |
| 6 | Mason | 1 | 0 | 1100 | ४०,८७० | | | | | | | |
| 7 | Plaster Worker | 2 | 0 | 1100 | ४०,८७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ९ गते (24th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com
श्रम ईजाजत नं. ४३५/०६०/०६१

## युएइमा रोजगार — कम्पनी : FABEL HR EMPLOYMENT SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०८/२५ | LT. No. 315156 | चलानी नं. ६०२२९४९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Steel Fixer | 15 | 0 | 1200 | ४४,१७५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 2 | 1 | 1000 | ३६,८१२ | | | | | | | |
| 3 | Mason For Plaster ./ Block | 5 | 1 | 1200 | ४४,१७५ | | | | | | | |
| 4 | Scaffolder basic 2 | 10 | 1 | 1200 | ४४,१७५ | | | | | | | |
| 5 | Suttering Carpenter | 15 | 0 | 1200 | ४४,१७५ | | | | | | | |
| 6 | Wall Painter | 5 | 0 | 1200 | ४४,१७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ८ गते (24th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUN AND COMPANY PVT. LTD.**
Dhumbarahi, Kathmandu, Nepal Tel : +997-1-4375649, 4376170,
Mobile: 9806817311, 9845466237, E-Mail : sun@mail.com.np, bigyan48@yahoo.com, Website : www.sunandcom.com
श्रम ईजाजत नं. १६४/०५६/०५७

## युएइमा रोजगार — कम्पनी : Resources for Employment

पूर्व स्वीकृति मिति : २०८१/०९/०१ | LT. No. 315410 | चलानी नं. ६०२२९७१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 20 | 0 | 1300 | ४७,८५५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Skilled Labour | 50 | 0 | 1100 | ४०,४९५ | | | | | | | |
| 3 | Steel Fixer | 15 | 0 | 1300 | ४७,८५५ | | | | | | | |
| 4 | Suttering Carpenter | 15 | 0 | 1300 | ४७,८५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ९ गते (24th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Employment Creation Service Pvt. Ltd.**
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4588393, 4587496 E-mail : info@ecsmanpower.com, Website : ecsmanpower.com
श्रम ईजाजत नं. ४००/०६०/०६१

## साउदीमा रोजगार — कम्पनी : Umm Pies Catering Company

पूर्व स्वीकृति मिति : २०८१/०९/०१ | LT. No. 315398 | चलानी नं. ६०२२९७२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 1 | 0 | 1200 | ४३,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ९ गते (24th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com
श्रम ईजाजत नं. ५७४/०६२/०६३

## युएइमा रोजगार — कम्पनी : AL FARIS INTERNATIONAL HEAVY EQUIPMENT RENTAL SOLE PROPRITORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/०१ | LT. No. 315444 | चलानी नं.६०२२९७२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crane Operator | 15 | 0 | 2600 | ९५,७१५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Crane Operator Assistant | 25 | 0 | 1500 | ५५,२२० | | | | | | | |
| 3 | Forklift Driver/operator | 15 | 0 | 1800 | ६६,२६५ | | | | | | | |
| 4 | Heavy Truck Drivers | 20 | 0 | 1800 | ६६,२६५ | | | | | | | |

कम्पनी : AL FARIS EQUIPMENT RENTALS LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/०१ | LT. No. 315378 | चलानी नं.६०२२९७०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Electrician | 10 | 0 | 1500 | ५५,२२० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Mechanic | 10 | 0 | 1500 | ५५,२२० | | | | | | | |
| 3 | Cleaner (Unskilled) | 10 | 0 | 1000 | ३६,८१० | | | | | | | |
| 4 | Crane Operator | 20 | 0 | 2600 | ९५,७१५ | | | | | | | |
| 5 | Crane Operator Assistant | 25 | 0 | 1500 | ५५,२२० | | | | | | | |
| 6 | Forklift Drivers | 20 | 0 | 1800 | ६६,२६५ | | | | | | | |
| 7 | Heavy Truck Drivers | 15 | 0 | 1800 | ६६,२६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ९ गते (24th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DIKSHYA OVERSEAS PVT. LTD.**
Airport Street, Sinamangal-9,- Kathmandu, phone: 1-5921232, 9709814454, Email: chiranjivee@dikshyaoverseas.com, Website : www.dikshyaoverseas.com
Gov Lic No: 1691/080/081

## साउदीमा रोजगार — कम्पनी : Muath Mohammed Abdulaziz Al Fadhel Contracting Co. One Person Co

पूर्व स्वीकृति मिति : २०८१/०९/०१ | LT. No. 315409 | चलानी नं. ६०२२९७०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 5 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ९ गते (24th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREAT NEPAL H.R PVT.LTD.**
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447 /9705000448/9705000449, E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

## साउदीमा रोजगार — कम्पनी : AL MAJMAA MEDICAL CLINICS COMPLEX COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/२८ | LT. No. 315325 | चलानी नं. ६०२२९५६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nursing Worker | 0 | 3 | 4000 | १,४३,९३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ९ गते (24th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Janashakti International Services Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031, 9762902411, 9844661381, 9815039898, 9813413654, 9846702764,9851105682,9851084742, Email : info@jisnepal.com, Web: www.janashaktiintl.com
श्रम ईजाजत नं. ९९९/०६८/०६९

प्रभाव दैनिक

रूपशाला

## 'दु:खी आत्मा'को पोस्टर सार्वजनिक

चलचित्र 'दुखी आत्मा'को अफिसियल पोस्टर सार्वजनिक भएको छ । दिपेन्द्र लामाले निर्देशन गरेको चलचित्रको पहिलो पोष्टर सार्वजनिक भएको हो । निर्देशक लामाले भनेका छन 'दुखी आत्मा'को अफिसियल पोस्टर सार्वजनिक गरेका छौं । फिल्म चाहिँ आगामी फागुन २ मा प्रदर्शन हुनेछ । सबैको साथ-सहयोगको अपेक्षा ।' लामाले निर्देशन गरेको फिल्ममा दयाहाङ राइ र आँचल शर्मा लिड रोलमा रहेका छन भने फिल्ममा अनुपबिक्रम, बुद्दी तामाङ, दिया मास्केलगायतको अभिनय हेर्न सकिन्छ । फिल्म हिमाल खड्काले बनाएका हुन् ।




मंगलबार, ०२ पुस २०८१ (Tuesday, December 17, 2024)

# नेसनल बक्स अफिस टेलिफिल्म अवार्ड तथा फुटबल च्याम्पियन कप सम्पन्न

■ प्रभाव संवाददाता




**काठमाडौं–** बक्स अफिस इन्टर नेसनल ग्रुपको आयोजनामा नेसनल बक्स अफिस टेलिफिल्म-वैवसिरिज अवार्ड २०८१ संस्करण तथा ओपन च्यालेन्ज टेलिफिल्म फुटबल कप भव्यरूपमा सम्पन्न भएको छ ।

इलाइट फुटसल कपन काठमाडौंमा सम्पन्न भएको टेलिफिल्म फुटबल कपमा कूल ३४ वटा फुटबल टिमलाई पन्छाउँदै नवदुर्गा फुटबल टिमले ओपन च्यालेन्ज टेलिफिल्म फुटबल कपको उपाधी उचालेको छ। झण्डै दुई दर्जन टेलिफिल्मलाई उछिन्दै हाँस्यतर्फ हल्का हवल्दार, सामाजिकतर्फ जुठे सर्वोत्कृष्ट टेलिफिल्म बन्न सफल भएका हुन् । त्यसैगरी बजारमा देखिएका एकसय भन्दा धेरै वेवसिरिजलाई उछिन्दै सौतेनी आमा यो वर्षको सर्वोत्कृष्टताको रोजाइमा परेको छ ।

बुढानिलकण्ठका नगर प्रमुख मिठाराम अधिकारीको प्रमुख आतिथ्यतामा वरिष्ठ ख्यातिप्राप्त कलाकार, पत्रकार, निर्माता, निर्देशक, खेलाडी र समाजसेवीहरूको गरिमामय उपस्थितिमा विभिन्न साँस्कृतिक कार्यक्रमसहित सम्पन्न भएको नेसनल बक्स अफिस टेलिफिल्म अवार्ड २०८१ संस्करणको बिजेताहरूमा उत्कृष्ट मेकअप निर्मला आचार्य (हल्का रमाईलो), उत्कृष्ट संगीत हिमाल श्रेष्ठ (मिरा), उत्कृष्ट छायांकन घनश्याम पोखरेल (हल्का रमाईलो), उत्कृष्ट सम्पादन रविन भट्ट (जुठे-हल्का रमाइलो), उत्कृष्ट नवनायक नेत्र बिक्रम खड्का (मेरी बास्सै), उत्कृष्ट नवनायिका रबिना श्रेष्ठ (भद्रगोल), उत्कृष्ट खलनायक विनोद सुवेदी (क्षितिज)- (मेरी बास्सै), उत्कृष्ट कथा-पटकथा-संवाद- नेत्र राउत (मेरी बास्सै), उत्कृष्ट वेवसिरिज चरित्र अभिनेता पवन खतिवडा (त्याग), उत्कृष्ट वेवसिरिज अभिनेत्री नविना सिलवाल (खुईली) (फुलमाया), उत्कृष्ट वेवसिरिज अभिनेता विनोद श्रेष्ठ (मिरा), उत्कृष्ट टेलिचलचित्र अभिनेत्री यसु भट्टराई (भद्रगोल), उत्कृष्ट टेलिचलचित्र चरित्र अभिनेत्री पल्पसा डंगोल (मेरि बास्सै), उत्कृष्ट टेलिचलचित्र चरित्र अभिनेता रामचन्द्र अधिकारी (गोक्ते काजी)- (मेरी बास्सै), उत्कृष्ट वेभसिरिज चरित्र अभिनेत्री सारदा गिरी (भुन्टी), उत्कृष्ट टेलिचलचित्र अभिनेता राजु पौडेल (मास्टर)- (सकस), उत्कृष्ट नव निर्देशक द्रोणप्रसाद पौडेल (ठेउके)- (भद्रगोल), सर्वोत्कृष्ट प्रसारण संस्था- ओम अग्रवाल (ओ.एस.आर. डिजिटल), उत्कृष्ट टेलिचलचित्र सामाजिक (जुठे), उत्कृष्ट वेभसिरिज (सौतिनि आमा), उत्कृष्ट हाँस्य टेलिचलचित्र (हल्का रमाईलो) बन्न सफल भए ।

त्यसैगरी इन्करेजमेन्ट सम्मानतर्फ अरुणा पछाई (मानेदाई), सुरज खनाल (ख्यालठट्टा), सरोज शर्मा (बैना), रमेश अधिकारी (बुहारी), सुनिता भट्टराई (बैना), सर्वकालिन टेलिफिल्म अवार्डतर्फ सर्वकालिन टेलिचलचित्र अभिनेत्री विद्या कार्की, सर्वकालिन टेलिचलचित्र अभिनेता सुरविर पण्डित, सर्वकालिन टेलिफिल्म मार्केटिङ संस्था (मिडिया हब प्रालि), सर्वकालिन टेलिचलचित्र प्रशारण संस्था (नेपाल टेलिभिजन), ओपन च्यालेन्ज टेलिफिल्म फुटबल कप २०८१ तर्फ फियर प्ले अवार्ड मिला रेकर्डिङ स्टुडियो, फुटबल लबर अवार्ड बुढानिलकण्ठ एफसी, फुटबल इनकरेजमेन्ट अवार्ड टेटे एफसी, फुटबल हर्ट अवार्ड- हट मिलन राई एफसी, फुटसल हर्ट अवार्ड- रोयल नेपाल एफसी, सर्वोत्कृष्ट किपर अवार्ड दिपेश श्रेष्ठ हिमालयन एफसी बने भने बेस्ट खेलाडी अवार्ड अंकित पौडेल नवदुर्गा एफसी बने । उपबिजेता हिमालय एफसीले नगद ३५ हजार, ट्रफी, सिल्वर मेडलको प्रमाणपत्र प्राप्त गरे भने बिजेता नवदुर्गा एफसीले नगद ७० हजार, ट्रफी, गोल्ड मेडलको साथ प्रमाणपत्र प्राप्त गरे । शुक्रबार सुरु भएको प्रतियोगिता २ दिनसम्म चलेको थियो ।

# ग्लोरी किड्स ट्यालेन्ट विजेता बनिन् लुब्ना चन्द

**काठमाडौं (प्रस)–** ग्लोरी मिडियाद्वारा आयोजित ग्लोरी किड्स ट्यालेन्ट २०२४ को शीर्ष उपाधि लुब्ना चन्दले जितेकी छन् । आइतबार साँझ राष्ट्रिय नाचघर, जमलमा आयोजित प्रतियोगितामा विजेता चन्दले प्रतियोगिताको शीर्ष उपाधि सहित मस्ट चार्मिङ, वेस्ट पर्सनालिटी र वेस्ट पब्लिक स्पिकरको अवार्ड समेत हात पारिन् ।

प्रतियोगीतामा पूर्णिमा तिमल्सिना र बिपिका राई क्रमश फष्टरनरअफ र सेकेन्ड रनरअप भए । तिमल्सिनाले मस्ट ट्यालेण्ट एवं मष्ट ईन्टेलिजेष्टको र राईले पब्लिक एन्ड पपुलारिटीको अवार्ड हात पारे । विजेता तीनै जनाले क्रमश: २५,०००, १५,०००, र १०,००० रूपैयाँका साथै आकर्षक गिफ्ट ह्याम्पर प्राप्त गरे ।

प्रतियोगितामा सुप्रिया सुन्दास अर्गनाइजर च्वाइस बनिन् भने अबिना अर्याल मस्ट पपुलर च्वाइस र वेस्ट स्माइल अवार्ड विजेता घोषित भइन् । त्यसैगरि सुवर्ण न्यौपाने भ्युवर्स च्वाईसतर्फको विजेता बनेभने साकम्बरी बर्देवा मष्ट क्रियटिभ र वेस्ट वाकको विजेता बनिन् ।


## प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१/०९/०२

आदरणिय शेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ क्लाइमेट केयर लि.** को मिति २०८१ मंसिर ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार प्रथम वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८१ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२४ )
**समय :** बिहान ९:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाण्डौ ।
**सम्पर्क :** ९८०२३५०१००

**छलफलका विषयहरु :**

(क) सामान्य प्रस्तावहरु :
१. आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. अध्यक्ष तथा संचालकहरुको बैठक भत्ता निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**
१. कम्पनीको प्रबन्धपत्र र नियमावलिमा आवश्यक संसोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

**आज्ञाले,**
विनोद कुमार घिमिरे
संचालक/कम्पनी प्रतिनिधि

**मुक्तिनाथ क्लाइमेट केयर लि.**
**MUKTINATH CLIMATE CARE LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेल:** info@muktinathkrishi.com
**वेबसाइट:** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"

## दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१/०९/०२

आदरणिय शेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ एग्रो मेशिनरी कम्पनी लि.** को मिति २०८१ मंसिर ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८१ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२४)
**समय :** दिनको ५:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाण्डौ ।
**सम्पर्क :** ९८०२३५०१००

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिको गठन सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**
१. कम्पनीको प्रबन्धपत्र र नियमावलिमा आवश्यक संसोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

**आज्ञाले,**
लिलानाथ ढकाल
संचालक/कम्पनी प्रतिनिधि

**मुक्तिनाथ एग्रो मेशिनरी कम्पनी लि.**
**MUKTINATH AGRO MACHINERY COMPANY LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेल:** info@muktinathkrishi.com
**वेबसाइट:** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"


रंगशाला

**एनपिएल क्रिकेट**

# प्लेअफको समीकरण पूरा

## सुदूरपश्चिम रोयल्स र जनकपुर बोल्ट्स क्वालिफायर तथा चितवन राइनोज् र कर्णाली याक्स इलिमिनेटरमा खेल्ने

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत लिग चरणको खेलहरू सकिएका छन् । लिग चरणको अन्तिम खेलमा सुदूरपश्चिम रोयल्सले कर्णाली याक्सलाई ६ विकेटले हराएसँगै प्लेअफको समीकरण पनि पूरा भएको छ । अन्तिम खेलबाट टुंगो लागेको प्लेअफमा पुग्ने अन्तिम टोली कर्णाली याक्स परेको छ ।

सोमबार सुदूरपश्चिमसँग पराजितका बाबजुद कर्णाली नेटरनरेटका आधारमा समान अंक भए पनि काठमाडौंलाई पछाडि पार्दै प्लेअफमा प्रवेश गरेको हो ।

कर्णालीले अब इलिमिनेटरका लागि चितवन राइनोज्सँग खेल्नेछ । कर्णालीलाई पराजित गरेसँगै प्रतियोगिताको शीर्ष स्थानमा पुगेको सुदूरपश्चिमले फाइनल प्रवेशका लागि जनकपुर बोल्ट्सको सामना गर्नेछ । यो खेलको विजेता सिधै फाइनल प्रवेश गर्नेछ भने पराजित हुने टिमले चितवन र कर्णालीबीचको विजेतासँग फाइनल प्रवेशका लागि खेल्नेछ ।

त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा सोमबार कर्णालीले दिएको एक सय दुई रनको लक्ष्य सुदूरपश्चिमले १५ दशमलव २ ओभरमा ४ विकेट गुमाउँदै पूरा गरेको हो । सुदूरपश्चिमका लागि कप्तान दीपेन्द्र सिंह ऐरी र इशान पाण्डेले समान ३८/३८ रन बनाए ।

यस्तै सैफ जैबले ११, विनोद भण्डारी र आरिफ सेखले समान ४/४ रन बनाउँदा ब्राण्डोन म्याकमुलेनले तीन रन जोडे । सुदूरपश्चिमले अतिरिक्त ७ रन प्राप्त गर्यो । बलिङतर्फ कर्णालीको लागि कप्तान सोमपाल कामी, विपीन शर्मा र नन्दन यादवले समान एक/एक विकेट हात पारे ।

त्यसअघि, टस हारेर ब्याटिङको निम्तो पाएको कर्णालीले निर्धारित २० ओभरमा दश विकेट गुमाएर एक सय एक रन बनाएको थियो ।

कर्णालीका लागि जिशान मकसूदले सर्वाधिक ३० रन बनाए । उनले ३५ बलमा ४ चौकाको मद्दतले ३० रन बनाएका हुन् । विलियम बोसिस्टोले १६, बाबर हयातले १३, कप्तान सोमपाल कामी र चाडविक वाल्टनले समान ११/११ रन बनाए ।

यस्तै, कर्णालीको लागि देव खनालले ७, अर्ज'न घर्तीले अविजित रहदैं ३ र गुलसन झाले २ रनको योगदान दिए । कर्णालीले अतिरिक्त ८ रन प्राप्त गर्यो ।

बलिङतर्फ सुदूरपश्चिमका लागि हरमित सिंहले सर्वाधिक तीन विकेट लिए । यस्तै, कप्तान दीपेन्द्र सिंह ऐरी र स्कट कुग्गेलिजनले समान दुई/दुई विकेट लिँदा सैफ जैबले एक विकेट हात पारेका थिए ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत**

## सडक डिभिजन, जुम्ला

**बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना**

(सूचना प्रकाशित मितिः २०८१/०९/०२)

यस डिभिजनको सूचना नं.02/081/82 मार्फत मिति २०८१/०५/१६ को प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना तर्फ रितपूर्वक दर्ता भएका बोलपत्रहरु मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई मिति २०८१/०८/२१ मा राष्ट्रिय दैनिक पत्रिका हिमालय टाइम्समा प्रकाशित प्राविधिक प्रस्तावमा योग्य देखिएका प्रस्तावकहरु मध्येतपशिल बमोजिमको बोलपत्रदाताको प्रस्ताव न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिश भई आएकोलेसार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२)को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको आशयको सूचना सम्बन्धित बोलपत्रदाताको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| Contract ID | Description and Location of work | Name of Contractor | Bid Amount (With VAT& PS) NRs |
|---|---|---|---|
| RDJML/337310113/ 081/82-13 | Periodic Maintenance Works along Nagma-Jumla Khalanga Road Section, (NH61-005) CH: 133+260 to 135+060 & 139+060 to 164+260, Jumla | Ujjwal-Shandar JV, Hapur-9, Dang | 103,788,778.87 |

डिभिजन प्रमुख

**प्रदेश सरकार**
**खानेपानी, सिःचाई तथा उर्जा मन्त्रालय**

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

**सुनसरी**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिती :- २०८१/०९/०२

यस कार्यालयले तपशिलमा उल्लेखित खरिद कार्यको लागि मिती २०८१/०६/१४ मा राष्ट्रिय दैनिक पत्रिका "नयाँ पत्रिकामा" प्रकाशित सूचना अनुसार रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय अनुसारको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्र दाता | स्वीकृत रकम मु.अ.क. सहित रू. |
|---|---|---|---|---|
| 1. | wssdo/sunsari/ electromechanical/ 03-081/082 | Supply, Delivery, Installation, Testing and Commissioning of Electromechanical Components all complete as per specification for Dharan Water Supply Project. | Inter Trade Agro Joint Venture | 2,79,40,041.00 |



भारतको जबलपुरमा चिसो बिहानी समय नर्मदा नदीभित्र प्रवेश गर्दै एक साधु । *तस्बिरः एएफपी*

# ‘ग्रामी अवार्ड’ विजेता भारतीय तबलावादक हुसेनको निधन

**नयाँदिल्ली–** ग्रामी अवार्ड विजेता भारतीय तबलावादक उस्ताद जाकिर हुसेनको आइतबार निधन भएको छ। उनको ७३ वर्षका थिए । स्वास्थ्यमा समस्या देखिएपछि उनलाई संयुक्त राज्य अमेरिकाको सान फ्रान्सिस्कोको एक अस्पतालमा भर्ना गरिएको थियो ।

हुसेनको सान फ्रान्सिस्कोको एक अस्पतालमा उपचारका क्रममा निधन भएको उनको पारिवारिक स्रोतले पुष्टि गरेको छ । एक शिक्षकको रूपमा उनको कामले अनगिन्ती संगीतकारहरूमा अमिट छाप छोडेको छ । उनले भावी पुस्तालाई अगाडि बढ्न प्रेरित गरेका छन् । उनी भारतीय सांस्कृतिक विरासत बोकेको महान संगीतकार थिए ।



नेता राहुल गान्धीलगायतका नेताले प्रसिद्ध तबलावादक उस्ताद जाकिर हुसेनको निधनप्रति दुःख व्यक्त गरेका छन्। उनीप्रति श्रद्धा प्रकट गर्दै

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, विपक्षी प्रधानमन्त्री मोदीले सामाजिक सञ्जाल एक्समा सेयर गरेको पोस्टमा भनिएको छ, ‘उहाँ एक सच्चा प्रतिभाशाली व्यक्ति हुनुहुन्थ्यो । उस्ताद जाकिर हुसेनले भारतीय शास्त्रीय संगीतको दुनियाँमा क्रान्ति ल्याउनुभएको थियो । देशले उहाँ र उहाँको संगीतप्रतिको योगदानलाई सधैं सम्झिरहने छ ।’

संगीतज्ञ हुसेनले भारत सरकारबाट पद्मश्री (१९८८) र पद्मभूषण (२००२), विश्व संगीतमा योगदानका लागि चारपटक ग्रामी पुरस्कार, भारतीय शास्त्रीय संगीतमा उत्कृष्टतालाई मान्यता दिने संगीत नाटक एकेडेमी पुरस्कार, अमेरिकामा परम्परागत कलाकारहरूका लागि सर्वोच्च पुरस्कार ‘नेसनल हेरिटेज फेलोसिप’सहित धेरै प्रतिष्ठित पुरस्कारहरू प्राप्त गरेका छन् । *रासस⁄एएनआई*

# बंगलादेशमा एक वर्षभित्र निर्वाचन हुने

**ढाका, बंगलादेश–** बंगलादेशमा आगामी एक वर्षभित्र निर्वाचन हुने सोमबार अन्तरिम नेतृत्वले जनाएको छ । बंगलादेशमा अगस्टमा विद्यार्थी आन्दोलनले तत्कालीन प्रधानमन्त्री शेख हसिना वाजेदलाई अपदस्थ गरी बनेको कामचलाउ सरकारको नेतृत्व गरिरहेका अन्तरिम नेता मोहम्मद युनुसले आगामी वर्षको अन्त्य वा सन् २०२६ को सुरुमा आमनिर्वाचन हुने बताएका हुन् ।

गत अगस्टमा पूर्वप्रधानमन्त्री शेख हसिनालाई सत्ताच्युत गर्ने विद्यार्थी नेतृत्वको विद्रोहपछि नोबेल शान्ति पुरस्कार विजेता युनुसलाई बंगलादेशको सरकारको नेतृत्व सुम्पिएको थियो । उनले करिब १७ करोड जनसंख्या रहेको बंगलादेशमालोकतान्त्रिकसंस्थाहरूको पुनःस्थापना गर्ने ‘अत्यन्त कठिन’ चुनौतीको सामना गर्ने र निर्वाचन गर्ने जिम्मेवारीलाई स्वीकार्दै अस्थायी प्रशासनको नेतृत्व गरिरहेका छन् । ‘सन् २०२५ को अन्त्य वा सन् २०२६ को पूर्वार्द्धसम्ममा निर्वाचनको मिति तय गर्न सकिन्छ,’ उनले सरकारी टेलिभिजनमा भएको एक कुराकानीमा बताएका छन् ।

गत अगस्टमा ढाकास्थित प्रधानमन्त्रीको कार्यालयमा हजारौं प्रदर्शनकारीले आक्रमण गरेपछि ७७ वर्षीया हसिना हेलिकप्टरबाट छिमेकी मुलुक भारततर्फ भागेकी थिइन् । हसिनालाई सत्ताच्युत गर्ने आन्दोलनका क्रममा केही हप्तामा सयौं मानिसहरूको मृत्यु भएको र



अधिकांशको प्रहरीको गोलीबाट मृत्यु भएको थियो ।

हसिनाको अवामी लिग पार्टीका प्रमुख समर्थकहरूविरुद्ध प्रतिशोधपूर्ण हत्यामा उनको पलायनपछिको केही घण्टामा कयौं अवामी लिग समर्थक कार्यकर्ताको पनि मृत्यु भएको थियो । उनको सरकारमाथि अदालत र निजामती सेवाको राजनीतिकरण गर्नुका साथै आफ्नो शक्तिमाथिको लोकतान्त्रिक नियन्त्रणलाई ध्वस्त पार्न एकतर्फी निर्वाचन गराएको आरोप पनि लागेको थियो । हसिनाको १५ वर्षे शासनकालमा व्यापकरूपमा मानवअधिकार उल्लंघन भएको थियो, जसमा उनका राजनीतिक विरोधीहरूलाई सामूहिक हिरासतमा राख्नु र गैरन्यायिक हत्याहरू पनि समावेश थिए ।

### दलहरूको सहमतिमा मिति तय गारिने

युनुसले आवश्यक सुधारको अनुगमनका लागि आयोगहरू गठन गरेका छन् । निर्वाचनको मिति तोक्ने कुरा राजनीतिक दलहरूको सहमतिमा निर्भर गर्ने छ। ‘निर्वाचनको व्यवस्था गर्नुअघि नै मैले सुधार गर्नुपर्छ भन्ने कुरामा जोड दिँदै आएको छु,’ युनुसले भने, ‘राजनीतिक दलले त्रुटिरहित मतदाता नामावलीजस्ता न्यूनतम सुधारका साथ पहिलेकै मितिमा निर्वाचन गर्न सहमत भएमा नोभेम्बरको अन्त्यसम्ममा निर्वाचन गर्न सकिन्छ ।’

तर निर्वाचन सुधारको पूर्ण सूची समावेश गर्दा केही महिना ढिला हुने उनको भनाइ छ। प्रधानमन्त्री युनुसले भने, ‘आवश्यक सुधारमध्ये एक अद्यावधिक मतदाता सूची हो, जुन वर्षौंको अस्थिर लोकतान्त्रिक प्रक्रियापछि ‘जटिल’ चुनौती हो। यसले सूचीबाट गैरमतदाताको नामहरू हटाउनुका साथै द्रुतगतिमा बढ्दो युवा जनसंख्याले पहिलोपटक मतदाता नामावली दर्ता गर्नु आवश्यक छ ।’ युनुसले चुनावमा सतप्रतिशत मतदान सुनिश्चित गर्ने सपना देखेको बताए । उनले भने, ‘यदि यो हासिल गर्न सकियो भने कुनै पनि सरकारले फेरि नागरिकको मताधिकार खोस्ने आँट गर्ने छैन ।’

बंगलादेशमा पछिल्लोपटक गत जनवरीमा आमनिर्वाचन भएको थियो। निर्वाचन स्वतन्त्र र निष्पक्ष हुने कुरामा आशंका व्यक्त गर्दै विपक्षी दलहरूले उक्त निर्वाचनलाई बहिस्कार गरेका थिए भने निर्वाचनमा हसिनाको दल अवामी लिगलाई दुईतिहाइ सिट प्राप्त भएको थियो । बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) जस्ता पूर्वविपक्षी समूहहरू हसिनाको नेतृत्वमा वर्षौंको दमनपछि अहिले संगठनको पुनर्निर्माण गरिरहेका छन् । *रासस⁄एएफपी*

# इसिबीले ब्याजदर घटाउने क्रमलाई निरन्तरता दिने

**फ्रैंकफर्ट–** युरोपेली केन्द्रीय बैंकका अध्यक्ष क्रिस्टिन लेगार्डले सोमबार युरोक्षेत्रका नीति निर्माताहरूले मुद्रास्फीति इसिबीको दुई प्रतिशतको लक्ष्यतर्फ निरन्तर झरेमा ब्याजदरमा थप कटौती गर्ने बताएका छन् । बैंक अफ लिथुआनियामा आयोजित एक सम्बोधनमा लेगार्डले भने, ‘यदि आउने तथ्यांकले हाम्रो आधार रेखालाई पुष्टि गर्ने क्रमलाई जारी राख्छ भने, यात्राको दिशा स्पष्ट छ र हामी ब्याज दरलाई अझ कम गर्ने अपेक्षा गर्दछौं ।’

मुद्रास्फीति नियन्त्रणमा आउने र युरोक्षेत्रको अर्थतन्त्र कमजोर हुने संकेत देखिएपछि इसिबीले गत साता फेरि ब्याजदर कटौती गरेको थियो । यो त्रैमासिक कदम फ्रैंकफर्टस्थित केन्द्रीय बैंकको लगातार तेस्रो कटौती हो र जूनपछि यसको चौथो कटौती हो। मुद्रास्फीतिमा देखिएको सहजता चक्रले इसिबीको प्रमुख निक्षेप दरलाई चार प्रतिशतको सर्वकालिक उच्च अंकबाट तीन प्रतिशतमा झारेको छ ।

‘केन्द्रीय बैंकको अडान ‘प्रतिबन्धात्मक’ रहेको छ,’ लेगार्डले भने, ‘यसले मुद्रास्फीतिलाई कम गर्ने इसिबीको मुख्य लक्ष्यलाई पूरा गर्न युरोजोनमा व्यावसायिक गतिविधिमा ‘ब्रेक’को रूपमा काम गर्ने छ । बैंकले उपभोक्ताको मूल्यको चाप कम हुँदै गएपछि मौद्रिक नीतिलाई खुकुलो बनाउँदै आफ्नो सन्देशलाई नरम बनाउँदै लगेको छ। *रासस⁄एएफपी*

# रूसको कुर्स्क क्षेत्रमा कम्तीमा ३० जना उत्तर कोरियाली सैनिकको मृत्यु

**किएभ, युक्रेन–** युक्रेनले आफ्नो पश्चिमी कुर्स्क क्षेत्रमा रूसले तैनाथ गरेका कम्तीमा ३० जना उत्तर कोरियाली सैनिकको हताहत भएको सोमबार जनाएको छ। युक्रेनको सैन्य गुप्तचर निकायले भनेको छ, ‘डिसेम्बर १४ र १५ मा कुर्स्क क्षेत्रको प्लेखोभो, भोरोज्बा, मार्टिनोभ्का गाउँनजिकै उत्तर कोरियाली सैनिक एकाइमा ठूलो क्षति पुगेको छ ।

युक्रेनी गुप्तचर अधिकारीले भनेका छन्, ‘रूसले कब्जा गरेको युक्रेनी भूभाग र वरपरका क्षेत्रमा तैनाथ गरिएका सैनिकलाई लक्षित गरी गरिएका आक्रमणमा कम्तीमा ३० जना उत्तर कोरियाली सैन्य लडाकूको हताहत (मृत्यु भएको वा सख्त घाइते भएका) छन् ।’ उत्तर कोरियाबाट हजारौं सैनिकहरू कुर्स्क सीमा क्षेत्रसहित युक्रेनी सीमा क्षेत्रमा रहेका रूसी सेनालाई सहयोग गर्न आएका छन्, यसै वर्षको गृष्मयाममा युक्रेनी सेनाको आश्चर्यजनक आक्रमणपछि पछिल्ला केही महिना रूसले आफ्नो भूमि फिर्ता लिइरहेको छ ।

मस्कोलाई सघाउन उत्तर कोरियाले कम्तीमा १० हजार सैनिक पठाएको पश्चिमी अधिकारीहरूको अनुमान छ । सीमा क्षेत्रमा तैनाथ ती सैन्य एकाइहरूमा ‘नयाँ सैनिक’हरू भरिएका छन् र यसमा उत्तर कोरियाली सेना पनि रहेका बताइएको छ । मस्कोको आक्रमणपछि रूस र उत्तर कोरियाबीच सैन्य सम्बन्ध प्रगाढ बनेको छ । रूसले युक्रेनी सेनालाई कुर्स्क क्षेत्रबाट बाहिर निकाल्नका लागि उत्तर कोरियाली सैनिकलाई ‘उल्लेखनीय संख्यामा’ तैनाथ गर्न थालेको जेलेन्स्कीले शनिबार बताएका थिए । जेलेन्स्कीले उत्तर कोरियालीहरूलाई ‘अन्य भागमा पनि अग्रपंक्तिमा प्रयोग गरेको सुनिएको बताएका छन् । *रासस⁄एएफपी*


**दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०२

आदरणिय शेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ सिड बैंक लि.** को मिति २०८१ मंसिर ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८१ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२४)
**समय :** दिनको १०:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाण्डौ ।
**सम्पर्क:** ९८०२३५०१००

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिको गठन सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु:**
१. कम्पनीको प्रबन्धपत्र र नियमावलिमा आवश्यक संसोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

आज्ञाले,
विजय कुमार गुरुङ
संचालक/कम्पनी प्रतिनिधि

मुक्तिनाथ सिड बैंक लि.
MUKTINATH SEED BANK LTD.
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेलः** info@muktinathkrishi.com
**वेबसाइटः** www.muktinathkrishi.com
“समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि”



**प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०२

आदरणिय शेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ आइटेक लि.** को मिति २०८१ मंसिर ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार प्रथम वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८१ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२४)
**समय :** बिहान ८:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाण्डौ ।
**सम्पर्क :** ९८०२३५०१००

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिको गठन सम्बन्धमा ।
५. अध्यक्ष तथा संचालकहरुको बैठक भत्ता निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**
१. कम्पनीको प्रबन्धपत्र र नियमावलिमा आवश्यक संसोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

आज्ञाले,
गजेन्द्रमान श्रेष्ठ
संचालक/कम्पनी प्रतिनिधि

मुक्तिनाथ आईटेक लि.
MUKTINATH ITECH LTD.
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेलः** info@muktinathkrishi.com
**वेबसाइटः** www.muktinathkrishi.com
“समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि”



**कुवेतमा रोजगार** कम्पनी : KUWAIT FOOD COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०९/०१ | LT. No. 315449 | चलानी नं. ६०२२९७०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Team Members (Waiter/waitress) | 100 | 100 | 120 | ५२,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष ९ देखि ११ गते (24-26 Dec. 2024) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९८१/०६७/०६८
MAHAD MANPOWER PVT. LTD.
Tinkune, Kathmandu, Nepal Tel No: +9'77-1-4112456/ 411 2457, WhatsApp: +977 9845312486, +977 9808530379
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com



**युएइमा रोजगार** कम्पनी : YANAL BLDG CONT CO LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/०१ | LT. No. 315447 | चलानी नं. ६०२२९७२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Painter Assistant | 14 | 0 | 1200 | ४४,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Carpenter | 25 | 0 | 1200 | ४४,१७५ | | | | | | | |
| 3 | Construction Labouers | 20 | 0 | 1000 | ३६,८१० | | | | | | | |
| 4 | Steel Fixer (Building) | 25 | 0 | 1200 | ४४,१७५ | | | | | | | |
| 5 | Tile Layer Assistant | 9 | 0 | 1000 | ३६,८१० | | | | | | | |
| 6 | Tile Layer | 19 | 0 | 1200 | ४४,१७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष ९ गते (24th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sansar International Services Pvt. Ltd. श्रम इजाजत नं. ८९८/०६७/०६८
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488



**युएईमा रोजगार** कम्पनी : AG facilities solutions for building maintenance LLc

पूर्व स्वीकृति मिति : २०८०/०८/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/०१ | LT. No. 295003 | चलानी नं. ६०२१०२३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEANER | 93 | 0 | 950 | ३४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | GENERAL CLEANER (FEMALE) | 0 | 44 | 1000 | ३६,८१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष ९ गते (24th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AIR KINGS PLACEMENT PVT. LTD.(VRINDIT SERVICES PVT. LTD.)
Kupandol-10, Lalitpur, Nepal Phone No.01-5424006, 5427196



**वर्गीकृत विज्ञापन संकलन काउन्टर**

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। धुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५१२०० | प्रति तोला – ० | प्रति तोला – १८४० |



**महोत्सवमा घरेलु उत्पादन** | कैलाली उद्योग वाणिज्य संघद्वारा धनगढीमा सञ्चालित 'सुदूरपश्चिम महोत्सव' को एक व्यापारिक कक्षमा बिक्रीका लागि राखिएका घरेलु उद्योगमै उत्पादित कपडालगायतका सामाग्रीहरू । *तस्बिरः तिलकराज ओझा/रासस*

## अर्थतन्त्रका सूचक सुधारोन्मुख बन्दै गएको छ : अर्थमन्त्री

■ प्रभाव संवाददाता



**काठमाडौं–** उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकारले अर्थतन्त्रलाई चलायमान बनाउन गरेको प्रयासले अर्थतन्त्रका सूचक सुधारोन्मुख रहेको बताएका छन् ।

नेपाल आर्थिक पत्रकार सङ्घ (नाफिज) को नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना दिँदै अर्थमन्त्री पौडेलले अर्थतन्त्रका सूचक सकारात्मक बन्दै गएको बताएका हुन् । वर्तमान सरकारले अर्थतन्त्रमा देखिएका समस्या र चुनौती समाधानका लागि निरन्तर प्रयासरत रहेको उल्लेख गर्दै उपप्रधानमन्त्री पौडेलले पछिल्लो समय अर्थतन्त्रका अधिकांश सूचक सकारात्मक दिशामा फर्किएको बताए । सरकारले अर्थतन्त्रका समस्यालाई सुक्ष्म ढङ्गले विश्लेषण गरी समाधानका लागि एकएक कदम चाल्दै गएको उल्लेख गर्दै उनले भने, 'अर्थतन्त्रका सकारात्मक सूचकलाई नकारात्मक बन्न नदिई लिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सक्छौं । मूल्यवृद्धिलाई सीमाभित्र राख्न सफल भएका छौँ ।'

अर्थतन्त्रमा देखिएका पछिल्ला सकारात्मक सूचक सरकारको कामको परिमाण भएको उनको भनाइ छ । अर्थतन्त्र सुधार गर्ने पृष्ठभूमिमा धेरै काम भएपछि पुँजीगत खर्चको दायरा बढेको बताउँदै उनले गत आर्थिक वर्षको चार महिनामा तीन प्रतिशत वृद्धि भएको राजस्व सङ्कलन चालु आर्थिक वर्षको सोही अवधिमा १७ प्रतिशतले बढेको जानकारी दििए ।

यी सबै वर्तमान सरकारको कामको प्रतिफल भएको उल्लेख गर्दै उनले भने, 'बैंकको ब्याजदर एकल अङ्कमा आउन सम्भव थिएन, ब्याजदर एकल अङ्कमा ल्याउनका लागि सरकारले केही काम गरेको छ ।' सरकारले मुलुकभित्र लगानीको वातावरण बनाउने र बैंकको निक्षेपलाई लगानीमा रूपान्तरण गर्ने, अन्तर्राष्ट्रिय लगानी भित्र्याउने, रोजगारी सिर्जना गर्ने र व्यवसायीको मनोबल उच्च रूपमा बढाउने विषयमा बढी केन्द्रित भएर काम गरिरहेको उनको भनाइ छ ।

अर्थमन्त्री पौडेलले समग्र अर्थतन्त्रलाई गतिशील बनाउने, उत्पादन, उत्पादकत्व वृद्धि गर्ने र रोजगारी अभिवृद्धि गर्ने उद्देश्यमा अर्थतन्त्रका सकारात्मक सूचकलाई सदुपयोग गरेर जानुपर्नेमा जोड दिए । नाफिज अध्यक्ष मेनुका कार्कीले पुँजीगत खर्च वृद्धि गर्न सुझाव दिँदै सरकारले अन्तरनिकाय समन्वयलाई सुधार गर्नुपर्ने बताए ।

## पाँच महिनामा पुँजीगत खर्च ११ प्रतिशत, राजस्व संकलन २८ प्रतिशत

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को शुरुआती पाँच महिनामा सरकारको आम्दानी र खर्च दुवै कमजोर देखिएको छ । मङ्सिर मसान्तसम्म सरकारले वार्षिक लक्ष्यको २८ प्रतिशत राजश्व उठाएको छ भने करिब ३० प्रतिशत बजेट खर्च गरेको महालेखा नियन्त्रकको कार्यालयले जनाएको छ ।

कार्यालयको तथ्यांकअनुसार सरकारको विकास खर्च कमजोर देखिएको छ । चालु आर्थिक वर्षका लागि पुँजीगत शीर्षकमा रू तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख विनियोजन भएकोमा हालसम्म ११ दशमलव ५८ प्रतिशत अर्थात् रू ४० अर्ब ८० करोड छ लाख मात्रै खर्च भएको छ । चालुगत शीर्षकमा मङ्सिर मसान्तसम्मको खर्च ३१ दशमलव ८७ प्रतिशत छ । यो वर्ष चालु शीर्षकमा रू ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख विनियोजन भएकोमा हालसम्म रू तीन खर्ब ६३ अर्ब ५५ करोड १४ लाख बराबर खर्च भएको हो ।

त्यस्तै, वित्तीय व्यवस्था शीर्षकमा छुट्याइएको बजेट वार्षिक लक्ष्यको ४१ दशमलव ३२ प्रतिशत खर्च भएको छ । मुख्यगरी सार्वजनिक ऋणको साँवा र ब्याज तीर्न खर्च हुने वित्तीय व्यवस्था शीर्षकमा चालु आर्थिक वर्षका लागि रू तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख विनियोजन भएको थियो । उक्त शीर्षकमा हालसम्म रू एक खर्ब ५१ अर्ब ७६ करोड ५७ लाख बराबर खर्च भएको हो ।

मङ्सिर मसान्तसम्ममा वार्षिक लक्ष्यको २७ दशमलव ५७ प्रतिशत अर्थात् रू चार खर्ब पाँच अर्ब ७७ करोड ३० लाख राजश्व संकलन भएको छ । चालु आर्थिक वर्षका लागि सरकारले रू १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख राजस्व उठाउने लक्ष्य राखेको छ ।

त्यस्तै, यसवर्ष रू ५२ अर्ब ३२ करोड ६५ लाख वैदेशिक अनुदान लिने लक्ष्य राखेको सरकारले हालसम्म कुनै पनि अनुदान लिएको देखिँदैन ।

## नेप्से परिसूचकमा उच्च अंकको गिरावट

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अंकको गिरावट देखिएको छ । साताको दोस्रो दिन सोमबार परिसूचक ५१ दशमलव ३७ अंकले घटेर दुई हजार छ सय ३० दशमलव ९१ को विन्दुमा कायम भएको हो । यो एक दशमलव ९१ प्रतिशतको गिरावट हो ।

तीन सय चार कम्पनीको एक करोड २७ लाख ४५ हजार सात सय ७७ कित्ता शेयर ६७ हजार छ सय ४८ पटक खरिदबिक्री भएको छ । नेप्सेमा रू पाँच अर्ब ९३ करोड ५६ लाख चार हजार आठ सय ४७ बराबरको कारोबार भएको छ ।

सबै समूहको उपसूचक रातो देखिएको छ । सबैभन्दा धेरै वित्त समूह चार दशमलव ४१ र व्यापार समूह तीन दशमलव ५५ प्रतिशतले घटेको छ । बैंकिङ एक दशमलव ४९, विकास बैंक दुई दशमलव ०३, होटल तथा पर्यटन दुई दशमलव ३१, जलविद्युत् दुई दशमलव ३६, लगानी एक दशमलव ५६ र जीवन बीमा एक दशमलव ८२ प्रतिशत प्रतिशतले घटेको छ ।

त्यस्तै, उत्पादन तथा प्रशोधन एक दशमलव १६, लघुवित्त एक दशमलव ८६, म्युचुअल फन्ड शून्य दशमलव ९१, निर्जीवन बीमा एक दशमलव ४२ र अन्य समूह एक दशमलव ४५ प्रतिशतले घटेको छ । कारोबारमा दुई सय २७ कम्पनीको शेयर मूल्य घट्दा १५ कम्पनीको शेयर मूल्य मात्रै बढेको छ ।

## वार्षिक डेढ अर्ब डलरको मासु निर्यात गर्ने सम्झौता

**काठमाडौं–** नेपाल र चीनका निजी क्षेत्रबीच नेपालबाट वार्षिक डेढ अर्ब अमेरिकी डलरको राँगाभैँसीको मासु निर्यात गर्नेसम्बन्धी समझदारी भएको छ । नेपालको हिमालयन फुड इन्टरनेशनल र चीनको साङ्घाई जियान फुड कम्पनी लिमिटेडबीच सोसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

समझदारीसँगै सो कम्पनीले पहिलो चरणमा वार्षिक उक्त मूल्य बराबरको मासु निर्यात गर्ने लक्ष्य राखेको छ । चीनमा वार्षिक २७ लाख मेक्टिक्टन मासु आयात हुने तथ्याङ्क छ । हिमालयन फुड इन्टरनेशनलको सहकार्यमा रु छ अर्ब लागतमा पूर्ण स्वचालित आधुनिक पशु बधशाला आउँदो छ महिनाभित्र निर्माण सम्पन्न गर्ने समझदारी बनेको छ ।

हिमालयन फुड प्रशोधित मासु निर्यातका लागि २०६८ मा स्थापना भएको थियो । कम्पनीले विभिन्न मुलुकमा प्रशोधित मासु निर्यात गर्दै आइरहेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको औपचारिक चीन भ्रमणका क्रममा नेपाल र चीनबीच प्रशोधित राँगाभैँसीको मासु चीन निर्यात गर्नेसम्बन्धी प्रोटोकलमा हस्ताक्षर भएको थियो ।




चीनमा छ हजारभन्दा बढी 'आउटलेट' भएको खाद्यान्न तथा प्याकेटको मासुजन्य परिकार बेच्ने जियान फुडले राँगाभैंसी पालनका लागि प्राविधिक सहायताका साथै नेपालमा रु २० अर्ब बराबरको लगानी गर्न चाहेको पशु बधशाला व्यवसायी सङ्घका अध्यक्ष डा नवीनकुमार शर्माले जानकारी दिए । यसबाट पशुपालनमा संलग्न भएका वा हुन चाहने युवाले फाइदा लिन सक्ने विश्वास गरिएको छ ।

कार्यक्रमको कार्यान्वयनसँगै घाँस तथा साइलेज, पशुदाना, कुखुराको दानाका लागि चाहिने मासु र हड्डी, छाला प्रशोधनसंग सम्बन्धित उद्योग, कृषिक्षेत्रमा लगानी बैंक तथा वित्तीय संस्थाले सहकार्य गर्न सक्ने बताइएको छ । सरकारको सहयोगमा खोरेत रोगको नियन्त्रण कार्यक्रम सञ्चालन, घाँस उत्पादनका लागि सरकारी जग्गा उपलब्ध गराउने, पशुपालक किसानलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउनेलगायत कृषक हितका विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

### चिनियाँ मापदण्डको मासु निर्यात गर्न सरकार प्रतिबद्ध

उक्त अवसरमा कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले रागाँको मासुको गुणस्तर सुनिश्चित गरेपश्चात नेपाली उपभोक्ताले उपभोग गर्ने तथा चीन सरकारको मापदण्ड अनुसारको मासु निर्यात गर्न नेपाल सरकार प्रतिबद्ध रहेको बताए । उनले नेपाल र चीनबीच सम्पन्न राँगाभैँसीको प्रशोधित मासु चीन निर्यात गर्नेसम्बन्धी समझदारीले नेपाली किसानलाई रागाँ भैसीपालनका लागि थप प्रोत्साहित गरेको बताए ।

'नेपाली उत्पादनको गुणस्तर सुनिश्चित बनाउदै गुणस्तरीय वस्तु निर्यात सुनिश्चित गर्न प्रयासरत छौँ', मन्त्री अधिकारीले भने, 'यसका लागि पशु बधशाला तथा मासु जाँच ऐन कार्यान्वयन गर्दै आवश्यक कानुन नीति नियम बनाउन तथा सोको पालना गर्न गराउन दृढ सङ्कल्पित छौं ।' पशुका रोगको नियन्त्रण गर्न जोनिङलगायत विधिको अवलम्बन गर्दै स्वस्थ पशुको उत्पादनसहित पशुजन्य उत्पादनको रूपमा रहेको दूध तथा मासुको गुणस्तर प्रमाणीकरण गर्न नेपाल सरकार आफ्नो स्रोतले भ्याएसम्म प्रयासरत रहेको उनको भनाइ थियो ।

कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले नेपाल र चीनबीच राँगाभैँसीको मासु निर्यातसम्बन्धी सम्झौताबाट नेपालमा रोजगारी सिर्जना र आर्थिक विकासमा ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले न्यून लागतमा राँगाभैँसी उत्पादन हुनसक्ने क्षेत्र पहिचान गरेर उत्पादन थाल्ने सुझाव दिए ।

नेपालका लागि चिनियाँ राजदूत चेन सङले प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा सम्झौता भएको राँगाभैँसीको मासु निर्यातसम्बन्धी सम्झौता कार्यान्वयनमा प्रवेश गरेकामा खुसी व्यक्त गरे । पशु सेवा विभागका महानिर्देशक डा उमेश दाहालले मासुको अभाव हुन नदिन विभिन्न ३० वटा पालिकामा राँगाभैसी पालन अभियान सञ्चालन गरिएको जानकारी दिए । *रासस*

## चेम्बर र युएनडिपीबीच सम्झौता



**काठमाडौं (प्रस)–** नेपाल चेम्बर अफ कमर्श र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम युएनडीपीबीच दिगो विकास एवं निजी क्षेत्रको क्षमता अभिवृद्धिका लागि सहकार्यको सम्झौतामा हस्ताक्षर भएको छ ।

जमलस्थित चेम्बर भवनमा आज आयोजित कार्यक्रममा चेम्बर अध्यक्ष कमलेशकुमार अग्रवाल र युएनडीपीका कार्यबहाक आवासीय प्रतिनिधि जुलिएन चेभिलार्डले हस्ताक्षर गरे । निजी क्षेत्रको क्षमता अभिवृद्धि, जलवायु परिवर्तन अनुकुलन, विपत् व्यवस्थापन एंव युनडिपीले तय गरेका विकास लक्ष्यलाई पूरा गर्न सहकार्य गर्नेगरी हस्ताक्षर भएको नेपाल चेम्बर अफ कमर्सद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

प्राकृतिक प्रकोपजन्य अवस्थामा समुदायको क्षमता अभिवृद्धिका लागि सहकार्य गर्ने विषय पनि सम्झौतामा समावेश गरिएको छ । जलवायु परिवर्तन न्यूनीकरण र अनुकुलका साथै जोखिम न्यूनीकरण गर्नेबारे समेत प्रतिवद्धता जनाइएको छ ।

चेम्बर अफ कमर्श र युएनडीपीबीच भएको सहमति तत्कालै कार्यन्व्यनमा आउनेछ । राष्ट्रसङ्घीय एजेन्सीसँग निजी क्षेत्रको क्षमता अभिवृद्धि, विपत् व्यवस्थापनको पूर्वतयारी र प्रतिकार्यबारे सहकार्य गर्नु निजी क्षेत्रका लागि महत्वपुर्ण भएको चेम्बर अध्यक्ष अग्रवालले बताए ।

युएनडीपीका कार्यबहाक आवासीय प्रतिनिधि चेभिलार्डले दिगो विकासका लागि राष्ट्रसङ्घीय लक्ष्यहरू पूरा गर्न चेम्बरसँग सहकार्य गर्न पाउदाँ खुसी लागेको बताए । नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको र प्राकृतिक विपद्बाट बच्नका लागि चेम्बरसँग गरिएको सहकार्य अति नै महत्वपूर्ण भएको उनले बताए ।

निजी क्षेत्रको कार्यक्षमता विकास गरी देशको समग्र आर्थिक गतिविधि विस्तारमा टेवा पुग्ने चेभिलार्डले बताए । नेपालको हिमाल जोगाउन तथा जलवायु परिवर्तनविरुद्ध चेम्बरसँग आगामी दिनमा पनि सहकार्य गरेर अघि बढ्ने उनको भनाइ छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ